# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १९२ | काठमाडौं | आइतबार, २७ कात्तिक २०७९ | Prabhab National Daily | Sunday, November 13, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


आचारसंहिता नमान्नेमाथि कारबाही

## जनप्रतिनिधि, कर्मचारीदेखि उम्मेदवारसम्मलाई जरिवाना

■ प्रभाव संवाददाता

**काठमाडौं-** निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गर्ने उम्मेदवार, जनप्रतिनिधि र कर्मचारीलाई कारबाही गरेको छ। आयोगले सोधेको स्पष्टीकरणमा कात्तिक २५ गतेसम्म प्राप्त जवाफमध्ये सन्तोषजनक नभएकालाई जरिवानासहित कारबाहीको निर्णय गरेको हो। कारबाहीमा पर्नेमा काठमाडौं १ का एक उम्मेदवार, एक नगरप्रमुख, वडाध्यक्ष, प्रधानाध्यापकलगायत छ जना छन्।

यस्तै आचारसंहिता उल्लंघनका सम्बन्धमा अनुसन्धान गर्न सम्बन्धित जिल्ला प्रहरी कार्यालयलाई लेखी पठाउने, आचारसंहिताविपरीत भएका कार्यहरू रद्द गर्न विभिन्न प्रदेश सरकार र स्थानीय तहलाई निर्देशन दिनेलगायत निर्णयसमेत भएको आयोगले शनिबार जानकारी दिएको छ।

**नगरप्रमुख जैसवारलाई २५ हजार जरिवाना**

आयोगले बाराको पचरौता नगरपालिकाका प्रमुख जलन्धरसिंह जैसवारलाई २५ हजार रूपैयाँ जरिवाना गरेको छ। वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएकाबाहेकका अन्य कार्यक्रम गरेको भन्दै नगरप्रमुख सिंहमाथि जरिवाना गरिएको हो। आयोगले उक्त नगरपालिकाको तलब भत्ता तथा प्रशासनिक खर्चबाहेक अन्य रकम निकासा नगर्न कोष तथा लेखा नियन्त्रक कार्यालयलाई लेखेर पठाएको जानकारी दिएको छ।

**उम्मेदवार बमलाई पाँच हजार जरिवाना**

यसैगरी आयोगले काठमाडौं क्षेत्र नं १ का राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधिसभा सदस्य उम्मेदवार पुकार बमलाई पाँच हजार रूपैयाँ जरिवाना गरेको छ। उनले निर्वाचन प्रचारप्रसारका क्रममा आफ्नो नाम अंकित टिसर्टको प्रयोग गरेको भन्दै आयोगले उक्त कारबाहीको निर्णय गरेको जनाएको छ।

यस्तै, काठमाडौं महानगरपालिका वडा नं. १६ अध्यक्ष मुकुन्द रिजाललाई पनि आयोगले कारबाही गरेको छ। आयोगले सामाजिक सञ्जालमा उम्मेदवारलाई भोट दिई जिताउन अनुरोध गरेको आरोपमा वडाध्यक्ष रिजाललाई पाँच हजार रूपैयाँ जरिवानाको निर्णय गरेको हो।

यसैगरी राजनीतिक (बाँकी पृष्ठ ५ मा)

### माधव नेपालको अभिव्यक्तिमाथि अनुसन्धान

**काठमाडौं (प्रस)-** निर्वाचन आयोगले नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले मतदातासमक्ष दिएको अभिव्यक्तिमाथि थप अनुसन्धान गर्ने निर्णय गरेको छ। अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय रौतहटलाई लेखी पठाउने निर्णय आयोगले गरेको हो।

प्रतिनिधिसभा सदस्यका उम्मेदवारसमेत रहेको नेपालले 'फ्रि भिसा, फ्रि टिकट'मा युवालाई विदेश पठाइदिने भनी मतदातालाई प्रलोभनमा पारी अभिव्यक्ति दिएको उजुरी आयोगमा परेको थियो। उक्त उजुरीमाथि थप अनुसन्धान गर्न प्रहरीसमक्ष लेखी पठाउने निर्णय गरेको आयोगले जनाएको छ। नेता नेपालको उक्त अभिव्यक्ति सामाजिक सञ्जालमार्फत सार्वजनिक भएपछि सर्वत्र आलोचना भएको थियो। आयोगले त्यसबारे नेपाललाई स्पष्टीकरण सोधेको थियो।

यसैगरी आयोगले गण्डकी प्रदेश सरकारले करका दरहरूमा हेरफेर गर्ने गरी भएका निर्णय २४ घण्टाभित्र बदर गरी सोको जानकारी आयोगमा दिन निर्देशन दिएको छ। आयोगले प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश सरकारका प्रमुख सचिव र आर्थिक मामिला मन्त्रालयका सचिवविरुद्ध परेको उजुरीमाथि अनुसन्धान गरी उक्त निर्देशन दिने निर्णय गरेको जनाएको छ।

# दलहरूको आधारहीन दाबी

■ जेबी योञ्जन



**काठमाडौं-** चुनाव नहुँदै दलका नेताहरूले चुनावबाट जितिने सम्भावित सिट संख्या तोकिरहेका छन्। प्रतिस्पर्धी दलले कम र आफ्नो दलले बहुमत सिट जित्ने दाबीसहित सिट संख्या तोक्ने गरेका छन्।

शनिबारमात्रै प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेपाली कांग्रेसले बढीमा ३२ सिट जित्ने ठोकुवा गरे। उनको दल एमालेले भने बहुमत ल्याउने दाबी गरे। 'कांग्रेसले १६५ मध्ये ८७ ठाउँमा उम्मेदवार बनाएको छ। ३०-३२ सिट जित्छ। त्यो भन्दा बढी जित्दैन। बहुमत ल्याउने एमाले नै हो,' चुनावी अभियानमा कैलालीको लम्की पुगेका ओलीले भने।

त्यसो त उनको दल एमाले विभाजित अवस्थामा छ। पार्टीका वरिष्ठ नेता माधवकुमार नेपाल नेतृत्वमा १५ महिनाअघि नेकपा एकीकृत समाजवादी गठन भएको छ। ३० वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा पाँच वर्ष अघि २०७४ को निर्वाचनमा जितेका ८८ वटा स्थानीय तहको नेतृत्व एमालेले गुमाउने स्थितिमा पुग्नुको पछि पार्टी विभाजन रहेको निष्कर्ष निकालेको अवस्थाबीच ओलीले कांग्रेसले ३२ र आफ्नो दलले बहुमत ल्याउने दाबी गरेका हुन्। जबकि, कांग्रेस स्थानीय तह निर्वाचनमा पहिलो दल बन्यो। निर्वाचन आयोगका अनुसार लोकप्रिय मत पनि कांग्रेसकै बढी छ।

हुन त कांग्रेससहित गठबन्धनका नेताहरूले पनि एमालेले निकै कम सिट जित्ने दाबी गर्दै आएको छ। एमालेले यस पटक अहिलेसम्मकै नराम्रो हार बेहोर्ने उनीहरूको दाबी छ। गृहमन्त्रीसमेत रहेका कांग्रेस नेता बालकृष्ण खाणले एमालेले २५ सिट पनि नजित्ने बताए। आफ्नो चुनाव क्षेत्र बुटवलमा शनिबार आयोजित दलित संघको कार्यक्रममा उनले भने, 'एमालेसँग २३ सिटमा प्रतिस्पर्धा हो। त्यसमध्येमा पनि २१ सिटमा मात्रै एमाले अगाडि छ।'

उनले १३१ सिटमा गठबन्धन दलहरूको जित सुनिश्चित भइसकेको दाबी गरे। 'गोप्य अध्ययनले १२३ क्षेत्रमा गठबन्धन विजयको माला पहिऱ्याउने गरी अगाडि देखिएको छ,' गृहमन्त्रीले भने।

> दलहरूले जस्तोसुकै दाबी गरे पनि चुनावअघिको माहोल र मतदानपछिको परिणाम फरक आउने निश्चित छ। कुन दललाई कुन स्थानमा पुऱ्याउने भन्ने फैसला जनताले गर्ने हुन्। त्यसैले मत परिणाम आउनुअघि दलहरूले गर्ने दाबीको कुनै अर्थ नहुने विश्लेषकहरूको भनाइ छ।

एकातिर बागीको र अर्कातिर गठबन्धन दलहरूबीच मत 'ट्रान्सफर' मा चुनौती हुनसक्ने आशंका भइरहँदा खाणले यस्तो दाबी गरेका हुन्। उनी आबद्ध कांग्रेसले प्रतिनिधिसभा निर्वाचन २०७४ मा २३ सिट जितेको थियो। उक्त निर्वाचनमा एमाले र माओवादी केन्द्रको वाम गठबन्धनले दुई तिहात सिट जितेको थियो। एमालेले ८०, माओवादीले ३६, तत्कालीन राष्ट्रिय जनता पार्टीले ११ र तत्कालीन संघीय समाजवादी फोरमले १० सिट जितेका थिए। राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले भने समान एक/एक सिट जितेका थिए।

**नयाँ दल र स्वतन्त्रको चुनौती**

प्रमुख दलहरूले बहुमत ल्याउन दाबी गरिरहँदा नयाँ दल र स्वतन्त्र उम्मेदवारहरू चुनौती बन्नसक्ने विश्लेषण भइरहेको छ। परम्परागत दलहरूप्रति मतदाताको आकर्षण घटेका कारण यस पटक मत परिणाम फरक आउनसक्ने आकलन गरिएको छ। राजनीतिक विश्लेषकहरूका अनुसार पुराना दलहरूबाट निराश बनेका मतदाताले यसपटक विकल्प खोज्ने देखिन्छ।

गत स्थानीय तहको निर्वाचनमा स्वतन्त्र उम्मेदवारहरूले पाएको सफलताबाट हौसिएर स्वतन्त्र उम्मेदवारी दिने लहर देशभरि नै चलेको छ। निर्वाचन आयोगकै तथ्यांकअनुसार करिब ३६ प्रतिशत उम्मेदवार स्वतन्त्र छन्। यद्यपि, स्थानीय तहमा जस्तो प्रतिनिधि र प्रदेशसभामा स्वतन्त्र उम्मेदवारको कार्यकारी भूमिका नहुने भएकोले स्थानीय निर्वाचनमा जस्तो प्रभाव नदेखिने एकथरि विश्लेषकहरूको भनाइ छ। तर, केही स्थानमा स्वतन्त्र उम्मेदवार नै प्रमुख दलहरूका लागि चुनौती बन्ने देखिन्छ। (बाँकी पृष्ठ ३ मा)

> कांग्रेसले १६५ मध्ये ८७ ठाउँमा उम्मेदवार बनाएको छ। ३०-३२ सिट जित्छ : **ओली**
>
> ०००
>
> एमालेसँग २३ सिटमा प्रतिस्पर्धा हो। त्यसमध्येमा पनि २१ सिटमा मात्रै एमाले अगाडि छ : **खाण**

### यस्तो छ सुरक्षा निकायको आकलन

सुरक्षा निकायहरूले हालै आगामी निर्वाचनको परिणाम आकलनसम्बन्धी प्रारम्भिक प्रतिवेदन तयार गरेका छन्। राष्ट्रिय अनुसन्धान विभाग स्रोतका अनुसार चुनावबाट कांग्रेस पहिलो हुने सम्भावना छ। उक्त दलले ९० मध्ये ६० देखि ७२ सिट जित्ने देखिएको स्रोतको दाबी छ। प्रहरीको विशेष ब्युरोको प्रतिवेदनले पनि कांग्रेस नै पहिलो दल हुने सम्भावना देखिएको उल्लेख गरेको छ। प्रतिवेदनअनुसार कांग्रेसले ६५ देखि ७० सिट जित्न सक्छ।

दोस्रो हुने सम्भावना भएको दल एमालेले ३५ देखि ४० सिट र माओवादी केन्द्रले २५ देखि ३० सिट जित्नसक्ने उल्लेख गरेको छ। एकीकृत समाजवादीले छ सिट जित्नसक्ने आन्तरिक प्रतिवेदन प्रहरीको विशेष ब्युरोले तयार पारेको छ। ब्युरोमा कार्यरत एक प्रहरी अधिकारीले २८ कात्तिकसम्ममा मोटामोटी कुन दलका उम्मेदवारले कहाँ-कहाँ जित्न सक्छन्? भन्ने प्रतिवेदन तयार हुने बताए।

त्यसका लागि ब्युरोको केन्द्रले जिल्ला प्रमुखबाट राजनीतिक दल र उम्मेदवारको लोकप्रियता, चुनावी माहोल, उम्मेदवारको पृष्ठभूमि, क्षमता र मतदाताको मनस्थिति आदिलाई आधार मानेर प्रतिवेदन पठाउन सर्कुलर भइसकेको ती प्रहरी अधिकारीले बताए। उनका अनुसार जिल्लाबाट प्रतिवेदन आएपछि भने चुनावबाट दलहरूले जित्नसक्ने सिटबारे धेरै विश्वसनीय सूचना प्राप्त हुन्छ।

**सन्दर्भ : वैदेशिक रोजगार**

## फिनल्याण्डमा श्रम शोषणको मुद्दामा नेपाली दम्पतीलाई जेल सजाय

■ प्रभाव संवाददाता

**काठमाडौं-** फिनल्याण्डको एक जिल्ला अदालतले मानव तस्करी तथा श्रम शोषणको मुद्दामा एक नेपाली दम्पतीलाई जेल सजाय तोकेको छ। त्यहाँको पिर्कनमा जिल्ला अदालतले आफ्नो रेस्टुरेण्टमा काम गर्ने श्रमिकहरूको श्रम शोषण गरेको मुद्दामा दोषी ठहर गर्दै डिलाराम सापकोटा तथा उनकी श्रीमती रिमा सापकोटालाई जेल सजाय तोकेको हो।

गुल्मी घर भई लामो समयदेखि फिनल्याण्डमा रेस्टुरेण्ट व्यवसायमा संलग्न सापकोटा दम्पतीले आफ्नो रेस्टुरेण्टमा श्रम शोषण भइरहेको भन्दै एक नेपाली कामदारले उजुरी गरेपछि प्रहरीले छानबिन गरेर सापकोटा दम्पतीविरुद्ध मुद्दा चलाएको त्यहाँको सञ्चारमाध्यम हेलसिंगिन सानोमतले जनाएको छ।

उक्त समाचारका अनुसार रेस्टुरेण्ट मालिक सापकोटालाई तीन वर्ष आठ महिना तथा उनकी श्रीमती रिमालाई दुई वर्ष १० महिना जेल सजाय सुनाउँदै तत्काल जेल चलान गरिएको छ। उनीहरूले फिनल्याण्डको राजधानी हेलसिन्कीबाट झण्डै डेढ घण्टा टाढा रहेको ताम्पेरे सहरस्थित आफ्नो रेस्टुरेण्टमा नेपाली कामदारहरू लैजाने, बिहानदेखि राति अबेरसम्म हप्तामा पूरै दिन काममा लगाउने गरेको प्रहरी अनुसन्धानले देखाएको जनाइएको छ।

अदालतले सापकोटा दम्पतीले चार जना नेपालीलाई मानव तस्करी गरेको र थप दुई जनालाई काममा भेदभाव गरेको ठहर गर्दै श्रम शोषण गरिएका कामदारहरूलाई ज्याला, उनीहरूले पाएको पीडाबापत लाखौं युरो क्षतिपूर्ति दिन पनि आदेश दिएको छ। फिनल्याण्डमा सञ्चालित अन्य नेपाली रेस्टुरेण्ट सञ्चालकहरूले पनि नेपालबाट कामदार लैजाने र आफ्नो अनुकुल काम लगाएर श्रम शोषण गर्ने गरेको उजुरी फिनिस प्रहरीमा परेको जनाइएको छ। ती उजुरीहरूमाथि पनि छानबिन भइरहेको समाचारमा उल्लेख छ।

## फेइम्स प्रणाली सुधारका लागि सुझाव माग

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगार विभागले हाल प्रयोगमा रहेको 'वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स)'को सुधारका लागि आवश्यक सुझाव माग गरेको छ। फेइम्सलाई समयसापेक्ष बनाउन तथा हाल देखापरेका समस्याहरूको समाधान र सुधारका लागि विभागले सरोकारवालाहरूसँग सुझाव मागेको हो।

फेइम्स प्रणालीसम्बन्धी समस्या तथा नयाँ उपलब्ध गराउनुपर्ने सुविधाहरूकाबारे प्रयोगकर्ताहरूको सुझावलाई समेत समावेश गरी थप प्रभावकारी बनाउने कार्य भइरहेको विभागले जनाएको छ। फेइम्स प्रणालीमा सुधार तथा थपघट गर्नुपर्ने विषय र नयाँ विकास गर्नुपर्ने कार्य भए अनलाइनमार्फत मंसिर १० गतेभित्र सुझाव पठाइसक्न विभागले आग्रह गरेको छ।

विभागले फेइम्स प्रणालीमा वैदेशिक रोजगारीका लागि जानेहरूको व्यक्तिगत तथा संस्थागतरूपमा अनलाइनमार्फत सम्पूर्ण विवरण राख्ने कार्य गर्दै आएको छ। विशेषतः म्यानपावर कम्पनीहरूले फेइम्समा समस्या आइरहेको र सुधार गर्नुपर्ने माग गरिरहेका कारण उक्त प्रणालीलाई अझ प्रविधिमैत्री बनाउने उदेश्यले सरोकारवालासँग सुझाव माग गरेको विभागले जनाएको छ।

### कुवेतमा अलपत्र सात कामदारको उद्धार

**काठमाडौं (प्रस)-** रोजगारीका लागि कुवेत पुगेर अलपत्र परेका सात नेपाली कामदारको उद्धार गरिएको छ। उनीहरूलाई धर्म ओभरसिज प्रालि र सञ्चारकर्मी जीवन शर्माको पहलमा उद्धार गरी स्वदेश ल्याइएको हो।

कानुनतः प्रक्रियागत रूपमा श्रम स्वीकृति लिएर रोजगारीका लागि उनीहरूलाई रोजगारदाता कम्पनीले श्रम शोषण गर्नुका साथै पारिश्रमिकसमेत नदिइएको पाइएपछि अलपत्र अवस्थामा उद्धार गरिएको धर्म ओभरसिजले जनाएको छ। उद्धार गरेर ल्याइएकाहरूमा विवेकराज यादव, एकवाल जोल्हा, इज्हार जोल्हा, हसनराज जोल्हा, निर्मल नेपाली, गणेश कुमाल र भीमप्रसाद राजवंशी रहेका छन्।

रोजगारदाता कम्पनीले दैनिक १४ घण्टासम्म काम लगाउनुका साथै दुई महिना हुँदासम्म तलब नदिएको उनीहरूले बताएका छन्। अलपत्र परेका उनीहरूलाई सम्झौताअनुसार तलब र सेवा सुविधा नपाएको सम्बन्धमा रोजगारदाता कम्पनी ग्लोबल टाइम्स कुवेत र कुवेतस्थित नेपाली दूतावासलेसमेत कुनै वास्ता नगरेको बताइएको छ।

कम्पनी र दूतावासमा पटक-पटक ताकेता गर्दा पनि कुनै सहयोग नपाइएको ओभरसिजको भनाइ छ। उद्धार गरिएका सातै जना बिहीबार मध्यराति काठमाडौं आइपुगेका हुन्। सम्बन्धित म्यानपावरले उनीहरूको पैसा फिर्ता गरेपछि आफन्तको जिम्मा लगाइने बताइएको छ।



जनहितमा जारी सन्देश




लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## तथ्यांकमा निर्वाचन




इन्फोग्राफिक्सः निर्वाचन आयोग

निर्वाचन आचारसंहिता उल्लंघन

# प्रदेशसभा सदस्यका उम्मेदवार यादव र वडाध्यक्ष खत्रीलाई स्पष्टीकरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गर्नेमाथि स्पष्टीकरण सोध्ने क्रमलाई निरन्तरता दिएको छ । शनिबार मधेस प्रदेशसभा सदस्यका उम्मेदवार जीतेन्द्रकुमार यादवलाई सवारीसाधनको स्वरूप परिवर्तन गरी माइकिङ गरेको विषयमा २४ घण्टाभित्र जवाफ पेस गर्न निर्देशनसहित स्पष्टीकरण माग गरेको छ ।

नम्बर प्लेटसमेत नदेखिने गरी सवारीसाधनको स्वरूप परिवर्तन गरी माइकिङ गर्दै निर्वाचन प्रचारप्रसार गर्ने कार्य निर्वाचन आचारसंहिताको प्रतिकूल रहेको आयोगको ठहर छ । 'तपाईंको प्रचारप्रसारमा प्रयोग भएको सवारीसाधनको श्रव्यदृश्य सामग्री यसैसाथ छ ।

उक्त सवारीसाधन तपाईंको प्रचारप्रसारमा प्रयोग भएको होइन भन्ने आधार कारण के छ ?, यदि तपाईंको प्रचारप्रसारमा उक्त सवारीसाधन प्रयोग भएको हो भने तपाईंको कार्य निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ को खण्ड (द) र दफा १४ को खण्ड (ग) को विपरीत हुने भएकोले तपाईंलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) र (४) बमोजिम कारबाही हुनु नपर्ने कारण के छ ?,' यादवलाई आयोगको प्रश्न छ ।

आचारसंहिताको दफा १३ मा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्दा पालना गर्नुपर्ने आचरणअन्तर्गत खण्ड (द) मा कुनै किसिमको भित्तेलेखन गर्न वा गराउन, चारपांग्रे गाडी, मोटरसाइकल, साइकल, बयलगाडा, रिक्सा, टाँगा, ठेलागाडालगायत सबै प्रकारका सवारीसाधन प्रयोग गरी ¥याली आयोजना गर्न प्रचारप्रसार गराउन नहुने व्यवस्था छ ।

आचारसंहिताको दफा १४ को उपदफा (१) को खण्ड (क) मा निर्वाचन अधिकृतको अनुमति लिई उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा आयोगले तोकेबमोजिम बढीमा दुईपांग्रे वा तीनपांग्रे वा चारपांग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारीसाधन र त्यस्ता सवारीसाधन नचल्ने ठाउँमा बढीमा चार घोडा प्रयोग गर्नसक्ने तर विदेशी नम्बर प्लेटको सवारीसाधनलाई त्यस्तो अनुमति दिइने छैन भन्ने व्यवस्था छ ।




सोही दफाको उपदफा (१) को खण्ड (२) मा कुनै पदको निर्वाचन प्रचारप्रसारका लागि राजनीतिक दलले खण्ड (क) बमोजिमको प्रक्रिया पूरा गरी सोहीबमोजिमको संख्या र प्रकारका सवारीसाधन मात्र प्रयोग गर्नुपर्ने व्यवस्था छ । सोही दफाको उपदफा (१) को खण्ड (ग) मा खण्ड (क) र (ख) बमोजिम अनुमति प्राप्त गरेका सवारीसाधनको स्वरूप परिवर्तन गरी प्रयोग गर्न वा गराउन नहुने व्यवस्था छ ।

**वडाध्यक्ष खत्रीलाई स्पष्टीकरण**

यसैबीच शनिबार नै आयोगले बागलुङ नगरपालिका वडा नं १४ का अध्यक्ष चक्रबहादुर खत्रीलाई स्पष्टीकरण सोधेको छ । आयोगले पदीय दायित्वसमेत ख्याल नगरी लगातार निर्वाचनसम्बन्धी दलका बैठक, कार्यक्रम र भेलालगायतमा सहभागी भएको भन्ने उजुरीका आधारमा उनलाई २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्न भनेको छ ।

निर्वाचन आचारसंहिताको दफा ५ मा नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरणअन्तर्गत खण्ड (क) मा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने तर स्थानीय कार्यपालिकाका पदाधिकारी आफू बहाल रहेको स्थानीय तहबाहेक अन्य स्थानीय तहमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्नेछ भन्ने व्यवस्था रहेको स्मरण गराउँदै आयोगले स्पष्टीकरण सोधेको हो ।

'तपाईं निर्वाचन आचारसंहिताको उल्लंघन हुनेगरी नेपाली कांग्रेसका उम्मेदवारको प्रचारप्रसारमा संलग्न हुनुभएको होइन भन्ने आधार प्रमाण के छ ?,' आयोगको स्पष्टीकरणमा भनिएको छ, 'तपाईंले बागलुङ नगरपालिकाको कार्यपालिकाको सदस्य रहेका कारण सो नगरपालिकाभित्र राजनीतिक दलको प्रचारप्रसारमा संलग्न भएको कार्यले निर्वाचन आचारसंहिताको उल्लंघन हुने हुँदा तपाईंलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) बमोजिमको जरिवाना किन गर्नु नपर्ने हो ?'

# सिरहाका दुई पालिकालाई आयोगको निर्देशन

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले सिरहाका दुई पालिकालाई मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न निर्देशन दिएको छ । आयोगले सिरहाको सखुवानान्कारकट्टी गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा सुखीपुर नगरपालिकाका नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन गर्न निर्देशन दिएका हुन् । आयोगले दुवै नगरपालिकालाई मतदाता शिक्षा कार्यक्रम सञ्चालन नभएको भए यथाशीघ्र सञ्चालन गरी पत्र प्राप्त भएको २४ घण्टाभित्र आयोगमा जानकारी गराउन शुक्रबार निर्देशन दिइएको छ ।

संविधानको धारा २४७ मा आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउने व्यवस्था भएको आयोगको भनाइ छ ।

# अग्नि नियन्त्रकलाई दिइयो सडक सुरक्षा तालिम



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले सडक सुरक्षा कार्यक्रमअन्तर्गत जोखिम व्यवस्थापन पूर्वतयारीसँगै खोज तथा उद्धारलाई समान प्राथमिकता दिएर काम गर्नुपर्ने बताएकी छन् । अग्नि नियन्त्रकका लागि नयाँसडकस्थित जुद्ध बारुणयन्त्र कार्यालयमा सञ्चालन गरिएको दुई दिने सडक सुरक्षा तालिमको समापन अवसरमा प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र दिँदै उनले सो कुरा बताएकी हुन् ।

'सडक दुर्घटना व्यवस्थापन गर्न केही सीप र दक्षता आवश्यक पर्छ । यसो हुन सकेन भने बचाउन सकिने जनधन जोगाउन सकिँदैन । सीप नहुँदा जोखिममा रहेको ज्यान जान पनि सक्छ । यस कोणबाट तालिमको ठूलो महत्त्व रहन्छ,' उनले भनिन्, 'दुर्घटनामा परेका मानिसको कुशलतापूर्वक जीवनरक्षा हुनु तालिमको नतिजा हुनेछ ।'

समापन कार्यक्रममा बोल्दै सडक सुरक्षा परिषद्का अध्यक्ष गोपालप्रसाद सिग्देलले अन्तरसरकार सहकार्यबाट नतिजामुलक काम गर्ने योजना रहेको बताए । नीति पैरवी र क्षमता विकास कार्यक्रमबाट परिषद्ले काम थालेको उनको भनाइ थियो ।

काठमाडौं महानगरसँगको सहकार्यमा सडक सुरक्षा परिषद्, सडक सुरक्षा समाज र रोटरी क्लब अफ दरबारमार्गले आयोजना गरेको तालिमका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विश्व स्वास्थ्य संगठन नेपाल, नेपाल इन्ज्युरी रिसर्च नेपाल, नेपाल डिजास्टर एण्ड इमर्जेन्सी मेडिसिन सेन्टरले सहयोग गरेका थिए ।

यसमा काठमाडौं उपत्यकाका पालिकाहरूबाट ४० जना अग्नि नियन्त्रक सहभागी थिए । अग्नि नियन्त्रक नभएका पालिकाहरूबाट पर्यवेक्षक/अवलोकनकर्ताका रूपमा सहभागी गराइएको थियो । तालिममा ग्रेटर मेनचेस्टर फायर एण्ड रेस्क्यु सर्भिस, बेलायतबाट रोवट ब्रिटल्स र जन्सन स्नुहामले प्रशिक्षण दिएका थिए ।

तालिममा दुर्घटना र मानवीयताको कोण, घटनास्थलमा पुग्ने र अवस्थाको विश्लेषण गर्ने, सवारीको अवस्था र त्यसलाई स्थित बनाउने तरिका, खोज, उद्धारका लागि भौतिक साधन तथा उपकरणको व्यवस्थापन, अन्य जोखिम भए त्यसलाई घटाउने वा हटाउने, उद्धार कार्यको समाप्तिलगायत विषय समावेश रहेको बताइएको छ ।


Shuklaphanta Municipality

**Office of Municipal Executive**

Jhalaari, Kanchanpur

**Invitation for Bids**

Invitation for Bids for the internal revenue Date of publication: **2022-11-13 (2079-07-27)**

1. **Suklaphanta Municipality** invites electronic ore-bids from eligible bidders for the following Works under National Competitive Bidding Procedures.

| Contract ID | Description | Estimated Amount (Without VAT ) NRs | Bid Documet Fee NRs | Bid Bond Security NRs | Bid Bond Securiy Validity | Date and Time of Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| SMP/079-80 /NCB/GO/11 | Collection of Internal Revenue from Extraction of Construction Materials from Banahara River (branch Anaukhi Khola) Shuklaphanta Municipality | 68,04,807.55 | 3,000.00 | 3,84,472.00 | 120 days | 2079/08/27 (2022-Dec-13) 12:00 PM | 2079/08/27 (2022-Dec-13) 1:00 PM |

2. The bids must be submitted electronically only. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp.
3. Bidder who submit their bid electronically may download the bidding documents fromwww.bolpatra.gov.np/egpBidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Everest bank ltd, jhalaari branch, jhalari, kanchanpur**
   Name of Office: **Shuklaphanta Municipality, Jhalari ,Kanchanpur**
   Office Account No.: **05910106200002 (AntarikKhata)**
4. Bid security amount should be deposited at :
   Name of the Bank: **Everest bank ltd, jhalaari, kanchanpur**
   Name of Office: **Shuklaphanta Municipality, Jhalari ,Kanchanpur**
   Office Account No.: **05910106200016 (DharautiKhata)**
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. All the information related to tender are according to bid document and conditions uploaded in ppmo online bid portal site bolpatra.gov.np of Shuklaphanta Municipality.

**Chief Administrative Officer**

# रोचक बन्दै चुनावी प्रतिस्पर्धा

■ कृष्णराम परियार

**मकवानपुर–** संसदीय आम निर्वाचन नजिकिँदै जाँदा मकवानपुर जिल्लाको क्षेत्र नम्बर १ र २ मा लोकतान्त्रिक-वाम गठबन्धन, नेकपा एमाले, राप्रपालगायत विभिन्न दलका उम्मेदवार मतदाताका घरदैलोमा पुगेर चुनावी प्रचारप्रसारमा व्यस्त रहेका छन् । सो क्रममा मतदातालाई चुनाव चिह्न र आफ्नो पार्टीको धारणाबारे उम्मेदवारहरूले प्रकाश पार्दै आएका छन् ।

मकवानपुरको क्षेत्र नम्बर १ मा चुनावी प्रचारप्रसारको क्रममा सत्ता गठबन्धनबाट नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीना, राप्रपा नेपालका अध्यक्ष कमल थापाले नेकपा एमालेको सूर्य चिह्नबाट र राप्रपाका केन्द्रीय सदस्य दीपकबहादुर सिंह चुनावी प्रतिस्पर्धामा रहेका छन् । त्यस्तै क्षेत्र नम्बर १ मा नेपाली कांग्रेस (बिपी) बाट सुरेन्द्र भट्टराई, नेमकिपाबाट शान्तलाल भैलसहित २६ जना चुनावी मैदान होमिएका छन् । क्षेत्र नम्बर १ को (१) र (२) प्रदेशसभा सदस्य पदका उम्मेदवार प्रेमबहादुर पुलामी (छिन्तु) र आनन्दराम पराजुलीले सत्ता गठबन्धनको तर्फबाट उम्मेदवार बनेका छन् । नेकपा एमालेको तर्फबाट कमल विष्ट र एकलाल श्रेष्ठ छन् । राप्रपाका तर्फबाट सागर थापा (१) र गुञ्जनबहादुर न्यौपाने (२) प्रदेशसभा सदस्य पदको निर्वाचनमा प्रतिस्पर्धामा रहेका छन् ।

मकवानपुरमा तीन लाख सात सय ५८ मतदाता छन् । जिल्लामा तीन सय ६४ मतदान केन्द्र तोकिएको छ । क्षेत्र नम्बर १ मा पुरुषतर्फ ७४ हजार नौ सय ३०, महिलातर्फ ७५ हजार दुई सय २१ र चार जना तेस्रो लिंगी मतदाता रहेको बागमती प्रदेश निर्वाचन कार्यालय मकवानपुरले जनाएको छ ।

यो क्षेत्रमा बागमती, बकैया, मकवानपुरगढी गाउँपालिकाको आधा भाग, हेटौँडा उपमहानगरपालिकाको १ देखि १९ मध्ये १, ३, ११ र १९ नम्बरबाहेक अन्य १५ वडा रहेको छ । राष्ट्रिय राजनीतिमा नेतृत्व प्रदान गर्न सक्ने र जनताप्रति सधैँ उत्तरदायित्व बोध गर्ने व्यक्तिलाई छनौट गरेर मतदान गर्नुपर्ने समय आएको भीमफेदी गाउँपालिका-४ निवासी समाजसेवी ओमबहादुर थापाले बताए ।

मकवानपुरको चिसापानीगढी एवं मकवानपुरगढीको ऐतिहासिक प्राचीन धरोहरलाई संरक्षण गरी पर्यटन क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राख्दै हेटौँडामा स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउने लक्ष्य र जनतालाई केन्द्र बिन्दुमा राखेर अघि बढ्ने सक्षम नेतृत्व गर्ने व्यक्तिलाई मतदाताले स्वतन्त्रतापूर्वक मतदान गर्ने वातावरण बनाउनुपर्ने मतदाताको भनाइ छ। निर्वाचनमा आफ्नो जिल्ला र निर्वाचन क्षेत्रमा आवाजजावत गर्ने व्यक्तिलाई छनौट गर्नुपर्ने हेटौँडा उपमहानगरपालिका-१२ का समाजसेवी तोयनाथ अधिकारीले बताए ।

संविधानसभा सदस्य एवं एमाले नेता अनन्तप्रसाद पौडेलले आगामी निर्वाचन निष्पक्ष, भयरहित र शान्तिपूर्णरूपमा सम्पन्न गर्न विभिन्न राजनीतिक दलका उम्मेदवारले आचारसंहिता पालना गरेर प्रत्येक मतदातालाई आफूले इच्छाएको योग्य क्षमतावान् उम्मेदवार स्वतन्त्र रूपमा मतदान गर्न पाउनुपर्ने मौका दिन आग्रह गरे ।

मकवानपुरमा तीन सय ६४ मतदान केन्द्रबाहेक दुई छुट्टाछुट्टै अस्थायी मतदान केन्द्रको स्थापना गरिएको छ । जसमध्ये कैदीबन्दीको लागि भीमफेदी कारागार, निजामती कर्मचारी र तेस्रो लिङ्गीको लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरको परिसरमा मतदान केन्द्र कायम गरी मतदानको लागि मतदान केन्द्रको निर्माण कार्य सुरु भइरहेको बागमती प्रदेश निर्वाचन कार्यालयका प्रमुख लुम्बनाथ पोखरेलले बताए ।

मकवानपुर क्षेत्र नम्बर १ र २ गरी लोकतान्त्रिक वाम गठबन्धन, नेकपा एमाले, राप्रपा, नेमकिपालगायत विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी ६९ उम्मेदवार चुनावी मैदानमा होमिका छन् । जसमध्ये प्रतिनिधिसभातर्फ २६ र प्रदेशसभातर्फ ४३ रहेको मुख्य निर्वाचनको कार्यालय मकवानपुरले जनाएको छ ।

आगामी मंसिर ४ मा हुने आमनिर्वाचन सन्दर्भमा मकवानपुरको विभिन्न मतदान केन्द्रको सरक्षा प्रदान गर्न नेपाली सेना जिल्लाको विभिन्न स्थानीय गाउँपालिका पायक गर्ने स्थानमा खटिइसकिएको र म्यादी प्रहरी विभिन्न ६२ प्रहरी चौकीमा पुगिसकेको छ । यही कात्तिक २८ गतेदेखि नेपाल प्रहरीको टोली निर्वाचन सामग्री लिएर विभिन्न मतदान केन्द्रमा प्रस्थान गर्ने भएको मकवानपुरका प्रजिअ राजेन्द्रदेव पाण्डेले बताए । *रासस*

# सकियो श्रीचन्द्रविनायक जात्रा

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्री चन्द्रविनायक तथा श्री भैरवनाथ जात्रा सम्पन्न भएको छ । अमालकोट कचहरीका द्वारेले अबिर चढाएपछि जात्रा सकिएको हो । कार्तिक शुक्ल पूर्णिमाका दिन सुरु भएको जात्रा श्री चन्द्रविनायक र भैरवनाथलाई अबिर चढाएपछि मार्ग शीर्ष कृष्ण तृतीयाका दिन सकिने परम्परा छ ।

जात्रा करिब साढे ३०० वर्ष पुरानो भएको विश्वास गरिन्छ । नेपाल संवत् ८०१ मा राजा भूपालेन्द्र मल्लले यो जात्राको सुरुआत गराएको स्थानीयवासीको भनाइ छ । जात्रा सफलतापूर्वक समापन भएको खुसीयालीमा चावहिल क्षेत्रमा सिन्दूर जात्रा गरिन्छ ।

जात्रा कार्तिक शुक्ल पूर्णिमाका दिन चावहिल क्षेत्रमा सुरु भएको थियो । प्रत्येक वर्ष कार्तिक शुक्ल पूर्णिमादेखि मार्ग शीर्ष कृष्ण तृतीयासम्म चार दिन पशुपति, जयवागेश्वरी, मित्रपार्क, चावहिल र चुच्चेपाटी क्षेत्रमा चन्द्रविनायक जात्रा मनाउने गरिन्छ ।

जात्राको पहिलो दिन 'मलजा नकेगु' कुमार कुमारीको पूजा गरेर विनायकको प्रसाद खुवाइएको थियो । चन्द्रविनायक उपत्यकाका चार विनायकमध्ये एक हो । चन्द्रविनायकलाई पशुपतिनाथको छोरा हो भन्ने धार्मिक मान्यता पनि छ । यसै मान्यताका आधारमा चन्द्रविनायक जात्रालाई पशुपतिनाथ मूल मन्दिर पनि घुमाइन्छ ।

पशुपतिनाथ अमालकोट कचहरीका द्वारे पूर्ण डंगोलले कार्तिक शुक्ल पूर्णिमाका दिन बिहान चन्द्रविनायक मन्दिरमा विशेष पूजा गरेपछि जात्रा सुरु भएको हो । त्यस दिन बेलुकी मन्दिर परिसरमा धुनी जगाइयो । धुनी जगाउन पशुपतिनाथ अमालकोट कचहरीले दाउरा उपलब्ध गराउने परम्परा छ ।

यसैगरी मार्गशीर्ष कृष्ण प्रतिपदाका दिन श्री चन्द्रविनायक तथा भैरवनाथको रथलाई मन्दिर वरपर घुमाइ गंगाहिटीमा लगेर स्नान गराउने विधि छ । स्नानपछि दुवै खटलाई शनिबार बेलुकी चारुमती विहारमा लगेर बिसाइएको थियो । मार्ग शीर्ष कृष्ण द्वितीयाका दिन दुवै रथलाई पशुपतिमा लगी पिताको दर्शन गराइयो । दर्शनपछि पशुपतिबाट चुच्चेपाटीसम्मका मूल चोकहरूमा घुमाइएको जात्रा समन्वय समिति सदस्य राजु भारतीले जानकारी दिए । यो जात्रा पशुपतिनाथबाट चुच्चेपाटीसम्म महत्त्वकासाथ मनाइन्छ ।

## दलहरूको...

पृष्ठ १ बाट जारी

परम्परागत दलहरूबाट निराश बनेका मतदाताबाट नयाँ दलहरूले फाइदा लिनसक्ने आकलन गरिएको छ । जसमा राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीलगायत दल छन् । पूर्वसञ्चारकर्मी रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीले प्रत्यक्षतर्फ २५ सिट जित्ने दाबी गरेको छ । नयाँलाई अवसर दिने मतदाताको चाहनालाई सदुपयोग गर्ने दाउमा उक्त दल रहेको छ ।

यस पटक दलहरूले कति सिट जित्लान् भन्ने फरक-फरक आकलनहरू बाहिर आइरहेका छन् । मंसिर ४ गते हुने चुनावको परिणाम आएपछि यसको छिनोफानो हुनेछ । तर, पनि दलका नेताहरूले चुनावअघि आफ्नो दलले बहुमत ल्याउने र प्रतिस्पर्धी दलले निकै कम सिट जित्ने भन्दै आएका हुन् ।

दलहरूले प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १६५ सिटमा प्रतिस्पर्धा गर्दै छन् । चुनावलाई प्रतिष्ठाको विषय बनाएका दलहरू यतिबेला चुनावी अभियानमा छन् । घोषणापत्र सार्वजनिक गरेर एजेण्डासहित मतदाताको घरदैलोमा छन् । चुनावबाट बहुमत ल्याएर स्थिर सरकार गठन गर्दै समृद्धि र विकासको अभियान अघि बढाउने आश्वासन दिइरहेका छन् ।

दलहरूले जस्तोसुकै दाबी गरे पनि चुनावअघिको माहोल र मतदानपछिको परिणाम फरक आउने निश्चित छ । कुन दललाई कुन स्थानमा पुऱ्याउने भन्ने फैसला जनताले गर्ने हुन् । त्यसैले मत परिणाम आउनुअघि दलहरूले गर्ने दाबीको कुनै अर्थ नहुने विश्लेषकहरूको भनाइ छ ।

## जनप्रतिनिधि...

पृष्ठ १ बाट जारी

गतिविधि तथा प्रचारप्रसारमा संलग्न भएको पाइएपछि आयोगले व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका अधिकृत गोकुल वस्ती र नेकपा एमालेको चुनाव प्रचारप्रसारमा लागेको आरोपमा अछामको साँफेबगरस्थित राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक तिलक कुँवरलाई पाँच/पाँच हजार रूपैयाँ जरिवाना गरेको छ । श्री जनता आधारभूत विद्यालयका शिक्षक जिक्छ यादव पनि कारबाहीमा परेका छन् । उनलाई दलको राजनीतिक गतिविधि तथा प्रचारप्रसारमा संलग्न भएको तथा शिक्षक पदमा बहाल रहेकै अवस्थामा दलको सदस्य बनेको आरोपमा पाँच हजार रूपैयाँ जरिवाना गरिएको छ ।

आयोगले निर्वाचन आचारसंहिता, २०७९ को उल्लंघनबारे प्राप्त उजुरीका सम्बन्धमा स्पष्टीकरण सोधी आवश्यक जाँचबुझको क्रम जारी रहेकोसमेत जनाएको छ ।

## Narainapur Rural Municipality
## Office of Rural Municipal Executive
**Narainapur, Banke**
**Lumbini Province, Nepal**

### *Invitation for Opening of Price Bids*

**Publication Date: 27th Karthik, 2079 (13th November, 2022)**

With reference to the bid notice published on 23rd Shrawan 2079 (08/08/2022) in National Daily for the contract mentioned below, the following bidder is selected as responsive bidder from the technical evaluation and hence invited to attend in the price bid opening as per clause 25.7 of ITB, section 1 of the bid document.

***Detail of Technical Evaluation***

***Name of the Project : Construction of Eight Room School Building in Mahateniya Village-01, Banke***

***IFB No: NRM/WORKS/NCB/BUILDING/1-2079/080***

| S.N. | Name of Bidder | Remarks |
|---|---|---|
| 1 | Jaya Bhawani - Ragmi JV | Responsive |
| 2 | Sitaram - Dhurbasa JV | Responsive |
| 3 | Kaushik - Hanuman JV | Responsive |

**Detail of Price Bid Opening**

**Place : Narainapur Rural Municipality Office, Narainapur, Banke**

**Date : 2079/08/04 (20th November - 2022)**

**Time : 1:00 PM**

**(Maniram Kharal)**
**Chief Administrative Officer**

## Thabang Rural Municipality
## Office Of The Rural Municipal Executive
Thabang, Rolpa

### INVITATION FOR BIDS

**Date of publication: 13-11- 2022 ( 2079/07/27 )**

1. Thabang Rural Municipality invites electronic bids from Registered Nepalese eligible bidders for the following work .

| S. N. | Contract no. | Description and location of work | Estimated Amount (Excluding VAT, Contingencies & O/M Cost ) NRs | Bid Security Amount NRS | Price of Bid Document. NRs |
|---|---|---|---|---|---|
| 1 | TRM-ROLPA/W/NCB/04/2079/080 | Construction of Uwabesi Dangsaga Bhanrang Sadak, Thabang 5, Rolpa | 41,53,926.76 | 1,18,000 | 3,000 |
| 2 | TRM-ROLPA/W/NCB/05/2079/080 | Construction of Tharpu Ghorabang Telkhola Bhanrang Sadak, Thabang 4, Rolpa | 41,47,693.55 | 1,18,000 | 3,000 |
| 3 | TRM-ROLPA/W/NCB/06/2079/080 | Construction Of Ghorabang Guranse Funtibang Sadak, Thabang 4 , Rolpa | 41,31,673.44 | 1,18,000 | 3,000 |
| 4 | TRM-ROLPA/W/NCB/07/2079/080 | Construction Of Dulidada Chalabang Sadak, Thabang 02 , Rolpa | 41,52,873.77 | 1,18,000 | 3,000 |
| 5 | TRM-ROLPA/W/NCB/08/2079/080 | Construction Of Mirul Swasthya Chauki Bhawan Nirman, Thabang 03, Rolpa | 99,89,885.08 | 3,00,000 | 3,000 |
| 6 | TRM-ROLPA/W/NCB/09/2079/080 | Construction Of Funtibang Kherabang Water Supply Project, Thabang 01, Rolpa | 41,62,782.45 | 1,18,000 | 3,000 |

2. Eligible Bidders may visit PPMO website www.bolpatra.gov.np/egp. for further information.
3. Bidder should submit their bid electronically and download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cos t (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Global IME Bank Ltd, Thabang
   Name of Office: Thabang Rural Municipality, Thabang, Rolpa
   Rajaswa Account no.: U604010000009
4. Sealed or electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on before 12.00 on 13/12/, 2022. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hour on 13/12/2022 at the office of Thabang Rural Municipality Thabang Rolpa.
6. Bids must be valid for a period of 90 days and must be accompanied by a scanned copy of the bid security in .pdf format for e-bid, which shall be valid for 120 days from the final bid submission date. If bidder wishes to submit the bid security in the form of cash the cash should be deposited in the bank account with the following information.
   Name of the Bank: Global IME Bank Ltd, Thabang
   Name of Office: Tbang Rural Municipality, Thabang,
   Deposit Account no.: U604010000003
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject , wholly or partly any or all the bids without assigning any reason. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and prevailing regulations.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# औपचारिकतामा सीमित नहोस् मतदाता शिक्षा

आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि मतदान गर्ने दिन आउन अब सात दिनमात्र बाँकी छ । आगामी मंसिर ४ गते हुने निर्वाचनको अन्तिम तयारीमा निर्वाचन आयोग लागेको छ । दल तथा उम्मेदवारहरू निर्वाचन प्रचारप्रसारमा व्यस्त छन् । मतदानको मिति नजिकिँदै जाँदा देशभर निर्वाचनको माहोल तातेको छ । सबैको ध्यान अहिले निर्वाचनमा केन्द्रित भएको छ ।

निर्वाचन आयोगले अन्य तयारीसँगै मतदाता शिक्षा पनि सञ्चालन गरिरहेको छ । यसमा स्थानीय तहहरूलाई पनि परिचालन गरिएको आयोगको भनाइ छ । मतदातालाई निर्वाचनमा सहभागी गराउन आयोगले विभिन्न अभियान चलाइरहेको देखिन्छ । सामाजिक सञ्जालदेखि सबैखाले सञ्चारमाध्यममार्फत आयोगले प्रचारप्रसार गरिरहेको छ । निर्वाचन प्रचारप्रसार र मतदाता शिक्षाकै लागि भनेर आयोगले ठूलो रकम खर्च गरिरहेको छ । कलाकार, उद्योगी व्यवसायी तथा विभिन्न पेसाका व्यक्तिहरूका साथै विभिन्न संघसंस्थाहरूलाई पनि आयोगले निर्वाचन प्रचारका लागि प्रयोग गरिरहेको देखिन्छ ।

गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा बदर मतको संख्या निकै उच्च बनेको थियो । त्यसको मुख्य कारण मतदाता शिक्षाको कमी हुनु थियो । अर्को कारण, मतपत्र ठूलो हुँदा मतदातालाई आफूले मत हाल्ने चुनाव चिह्न खोज्नै समय लागेको थियो । जसकारण बदर मतको संख्या बढेको थियो । आयोगले त्यसलाई शिक्षाको रूपमा लिएर यस पटक मतपत्रमा सुधार गरेको छ । उम्मेदवार भएका दलको मात्र चुनाव चिह्न राख्ने व्यवस्था गरेको छ, जुन सकारात्मक छ ।

तर, अझै पनि मतदाता अलमलमा पर्नसक्ने स्थिति हटेको छैन । किनकि, प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकैसाथ हुँदै छ । जसका लागि फरक–फरक मतपत्रमा मतदान गर्नुपर्छ । साथै, प्रत्यक्ष र समानुपातिकको मतपत्र पनि छुट्टा–छुट्टै हुन्छ । यसरी मतदाताले चारवटा मतपत्रमा मत खसाल्नुपर्ने हुन्छ । त्यसबारे मतदातालाई राम्रोसँग पहिले नै जानकार बनाउन आवश्यक छ । यसका लागि मतदाता शिक्षा आवश्यक पर्दछ ।

आयोगले मतदाता शिक्षामा ठूलो रकम खर्च गरे पनि प्रभावकारी नहुने विगतको अनुभवले देखाउँदै आएको छ । आयोगका पदाधिकारीहरूले यस पटक मतदाता शिक्षालाई नतिजामुखी बनाउने बताइरहे पनि धेरै क्षेत्रमा अझैसम्म त्यस्ता कार्यक्रम पुग्न नसकेको देखिन्छ । यसले मतदाता शिक्षालाई औपचारिकता दिएर टार्ने विगतको प्रवृत्ति पुनः दोहोरिने हो कि भन्ने आशंका जन्माएको छ । आयोगका आयुक्तहरूले भनेजसरी मतदातासम्म शिक्षा पुग्न सकेको छैन । आयोगले यसमा तत्काल सुधार गरी अब बाँकी रहेको एक हप्ताको समयमा मतदाता शिक्षालाई प्रभावकारी बनाउन जरुरी छ । यस पटकको चुनावमा बदर मत शून्यतर्फ लैजान आयोगको ध्यान जानुपर्छ । होइन भने मतदाता शिक्षाको नाममा गरिएको खर्च खेर जाने निश्चित छ ।

राजनीतिक दलहरूले पनि मतदातालाई शिक्षा दिन भूमिका खेल्नुपर्दछ । आफ्नो पक्षमा मत माग्ने मात्रै नभई मतदान गर्ने तरिकाबारे सबै मतदातालाई प्रशिक्षित गर्नु दलहरूको पनि कर्तव्य हो । त्यसैले दलहरूको ध्यान यसतर्फ जानुपर्छ । त्यसैगरी, सामाजिक संघसंस्थाले पनि मतदाता शिक्षा सञ्चालनमा सहयोग गर्नुपर्दछ । निर्वाचन आयोग, स्थानीय तह, राजनीतिक दल, सामाजिक संघसंस्थालगायत सबैले आ–आफ्नो ठाउँबाट मतदाता शिक्षालाई प्रभावकारी बनाउन भूमिका खेल्नुपर्छ । यस पटक विगतको निर्वाचनमा जस्तो मतदाता शिक्षाको कमी महसुस हुन नदिऔं ।

## मनन्योग्य

### चाणक्य नीति

एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ । सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए ।

चाणक्यले सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन । शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ ।'

'म तिमीलाई भोलि मगधको राजासिंहासनमा आसीन गराउन चाहन्छु, राज्यको रक्षाका लागि हृदय, बुद्धि र हातहरूमा बल ल्याउनुपर्छ ।'

'हेर राजाले सर्पसँग खेल्नुपर्छ । राजधर्म अत्यन्तै कठोर धर्म हो, राजाले मृत्युपछिमात्र कीर्ति पाउँछ । जो राजर्षि बनी देशको सेवा गर्छ गिद्धको जस्तो दृष्टि, सिंहको जस्तो साहस, इन्द्रियमा अनुशासन, रहस्य लुकाउने क्षमताजस्ता गुणहरू आफूमा सुरक्षित राख्नु आवश्यक पर्छ । राजाले बूढापाकासँगको सम्पर्कले आफ्नो आँखा खोल्न सक्नुपर्छ । आज राति तिमी सुत्नेछैनौ बिहानसम्म मेरा अर्थशास्त्रबाट राज्यव्यवहारको पाठ तिमीले सिक्नुपर्दछ ।'

एउटा अर्को कुरामा अरु ध्यान देऊ, राज्य पाउनु त्यति कठिन होइन जति त्यसको सुरक्षा गर्नु । राज-रस महजस्तो गुलियो र स्वादिलो हुँदैन विषपान गर्नु बराबर हो । जुन शासकले विषपान गरी अमृत ओकल्दछ(छाड्दछ) त्यही राजाले राज्यको सञ्चालन राम्ररी गर्न सक्छ । क्रमश :

# 'रगतको देवता' प्रेमसागरको राजनीतिक यात्रा



पदम श्रेष्ठ

रगतको मूल्य तोकेर नाफाको व्यापार गरिन्छ भने स्वयंसेवी रक्तदाताहरूले केका लागि रक्तदान गर्ने ?

यो प्रश्न हो, नेपाल स्वयंसेवी रक्तदाता समाजका अध्यक्ष तथा नेपालका सर्वाधिक १७२ पटक रक्तदान गरेर उदाहरणीय अस्तित्व स्थापित गर्न सफल प्रेमसागर कर्माचार्यको । निःशुल्क रक्तदान लिएपछि बिरामीलाई निःशुल्कै रगत उपलब्ध गराउनुपर्दछ भन्ने मूल मुद्दा उठाउँदै गत शनिबार १७२औं पटक रक्तदान गरेका प्रेमसागर अब राजनीतिमा होमिएका छन् । उनले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा काठमाडौं क्षेत्र नं ७ बाट स्वतन्त्र उम्मेदवारी दिएर चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् ।




प्रेमसागर आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा काठमाडौं क्षेत्र नं ७ बाट स्वतन्त्र उम्मेदवार बनेका छन् । उनको चुनाव चिह्न छ, घण्टाघर । 'रगतको देवता' उपनामबाट प्रख्यात प्रेमसागरलाई जनताले सांसदको भूमिकामा पुऱ्याउलान् कि नपुऱ्याउलान् हेर्न बाँकी नै छ । तर, स्वयंसेवी रक्तदाताको रूपमा नेपालमा सर्वाधिक रक्तदान गर्ने व्यक्तिको दस्तावेज बनाइसकेका उनी आफूलाई मतदाताले साथ दिनेमा आशावादी छन् ।

उनको चुनाव चिह्न छ, घण्टाघर । 'रगतको देवता' उपनामबाट प्रख्यात प्रेमसागरलाई जनताले सांसदको भूमिकामा पुऱ्याउलान् कि नपुऱ्याउलान् हेर्न बाँकी नै छ । तर, स्वयंसेवी रक्तदाताको रूपमा नेपालमा सर्वाधिक रक्तदान गर्ने व्यक्तिको दस्तावेज बनाइसकेका उनी आफूलाई मतदाताले साथ दिनेमा आशावादी छन् ।

निःशुल्क रक्तदानको आवाज बुलन्द गरिरहेका उनीसँग यो कसरी सम्भव हुन सक्छ भन्ने प्रश्न राख्दा उनको जवाफ छ- निःशुल्क रक्तदानको विवाद विगत ४० वर्षदेखिको हो । दाताहरूबाट लिएको निःशुल्क रगत बिरामीलाई दिँदा विभिन्न परीक्षणको बहानामा ८१० रूपैयाँदेखि एक हजार ६४० रूपैयाँसम्म उठाइरहेका छन् । रगत निःशुल्क गर्न बिरामीबाट होइन कि स्थानीय सरकारले करबाट आउने रकम बजेट विनियोजन गरिनुपर्दछ हाम्रो माग हो ।

रगत नियमित दिइरहनेलाई प्रोत्साहित गर्न विभिन्न स्वास्थ्य सुविधाको व्यवस्था गर्ने र नयाँ रक्तदाताहरूमाझ नियमित रक्तदानले कोलेस्ट्रोल, ब्लड प्रेसर, डायबेटिजजस्ता दीर्घरोग लाग्नबाट बचाउँछ भन्ने कुरा सञ्चार माध्यमबाट व्यापक बनाउँदै लैजानुपर्ने उनको भनाइ छ । रक्तदाता स्वयंसेवी अभियानकै प्रतिफल गण्डकी र लुम्बिनी प्रदेशमा बिरामीलाई निःशुल्क रगत उपलब्ध गराउन थालिसकेको छ भने भक्तपुर, म्याग्दी र डडेलधुरा नगरपालिकाले निःशुल्क रगत गरेको छ । तर, बागमती प्रदेशमा आपत्कालीन र ज्येष्ठ नागरिकलाई बाहेक प्रायः सबैसँग सट्टाभर्ना र परीक्षणको नाममा रगतको व्यापार भरहेको छ ।

निःशुल्क रगतको संस्कारको विकास गर्न सकेनौं भने एक पिन्ट रगतको लाखौंमा व्यापार हुन बेर लाग्ने छैन, जतातत्तै पाइने पानी बोतलमा प्याक गरेर किनबेच भएजस्तै । त्यो षड्यन्त्रलाई विफल बनाउने मनसायबाट प्रेमसागरले २०६० सालमा एउटा रक्तदानसम्बन्धी गीत रचना गरेको थिए- रक्तदान गरी गरौं जीवन दान...। यस गीतलाई रामेश र साथीहरूले स्वर, संगीत दिएका छन् ।

**अनि बने स्वयमसेवी रक्तदाता...**

वि.सं. २०२८ सालसम्म पनि मेरो घर मरु चिंकमुगलबाट खेती गर्दा बस्ने घर बागबजार आवातजावत भइरहनुपर्थ्यो । खेती किसानीको रेखदेख गर्न पिताजी प्रेमपूर्ण कर्माचार्य वा माताजी सानुमैयाँ कर्माचार्यसँग आवातजावत गरिरहँदा हालको बीर अस्पताल ट्रमा सेण्टरसँगै रगत बैंक थियो । त्यो बैंकमा केही भरीयाहरूले लाइन लागेर रगत बेचिरहेको देख्थ्यौं ।

पिताजीसँग खेतमा गइरहँदा बैंकमा इन्चार्ज बासुदेव शर्मा पौडेलले मलाई पनि रक्तदान गर्न र बदलामा नगद लैजान भन्नुभयो । तर, मैले खेतमा काम गर्दा गर्दै हात खुट्टामा चोट लागि रगत बगिरहे पनि अलिअलि व्यण्डेजपछि पुनः काम गर्न जाने गरेको देखेको थिएँ । मलाई लाग्यो शरीरबाट अलिअलि रगत गएर मान्छे लाई केही नहुने रहेछ । म पनि अरुलाई उपचार गराउन रगत दिन्छु भन्ने पतीज्ञा गरें । जुन दृश्य नै मेरो स्वयंसेवी रक्तदाता अभियानको दस्तावेज बन्न पुग्यो ।

रक्तदान गर्न योग्य उमेर १८ वर्षदेखि ६५ वर्षसम्मको मानिन्छ तर मैले पहिलो रक्तदान गर्दा १६ वर्षको थिएँ । ४५ केजी तौल पुगेकाले तीन देखि चार महिनाभित्र रक्तदान गर्दा स्वास्थ्यमा कुनै असर गर्दैन भन्ने छ । तर, मैंले ५६ दिनमा नै रक्तदान गरी अन्तर्राष्ट्रिय मापदण्डसँग समायोजन गर्दै छु । आज म ५९ वर्षको भएँ । स्वास्थ्यले साथ दिएमा जीवनभर निःशुल्क रक्तदानको अभियानमा लाग्नेछु ।

**निःशुल्क रक्तदाता अभियान ३४ जिल्लामा**

यसका लागि काठमाडौं, ललितपुर, भक्तपुर, मनाङ, सुर्खेत, अछामलगायत ३४ जिल्लामा स्वयंसेवी रक्तदाता समाज विस्तारित छ । २०४८ देखि देशभित्र रक्तसञ्चार सेवा मन्त्रिपरिषद्को निर्णयबाट नेपाल रेडक्रस सोसाइटीलाई अधिकार प्रदान गरियो । अहिले देशका ७२ जिल्लाका ११७ स्थानबाट रक्त सञ्चार सेवा उपलब्ध गराइन्छ । २०७१ को राष्ट्रिय रक्तसञ्चार नीतिले निजी क्षेत्रलाई पनि रक्त कारोवार दिएपछि रक्तव्यापार फस्टाएको छ ।

हामी सतप्रतिशत स्वयंसेवी रक्तदाताबाट मात्रै रक्तदान गराउनुपर्छ भन्छौं । तर, सरकारले मनोगत रगतमा शुल्क तोक्नेलाई नियमन र दण्डित नगरी उल्टै १० वटाभन्दा बढी निकायलाई अनुमतिपत्र दिई थप व्यापार गर्न छुट दिएर कमिसनतन्त्रलाई प्रोत्साहन गर्न खोजेकोमा हाम्रो आपत्ति रहयो ।

**रक्तदानको इतिहास**

नेपालको प्रथम संगठित परोपकार संस्थाका संस्थापक दयावीरसिंह कंसाकारले रक्तदान गरी थालिएको अभियानले स्वयंसेवी रक्तदाता जन्माउन लामो समय लियो । वीर अस्पतालको प्याथोलीजी विभागबाट देशको रक्तसञ्चार सेवा सुरु भएको इतिहासलाई आधार मान्दा सन् २००० देखिको रक्त सञ्चार सेवाले ७९औं वर्ष पार गरेको छ ।

लक्ष्मी ब्लड बैंकले सुरुको वर्षमा १५७ जनाबाट रक्तदान गराएको र हालसम्म झण्डै तीन लाखभन्दा माथि रक्तदान गराइएको तथ्यांक छ । २०३८/३९ सम्म त्यसपछि पेशेवरलाई विस्थापित गरी स्वयंसेवी रक्तदाताबाट मात्र रक्तदान गराएर बिरामीलाई सेवा प्रदान गर्दै आइरहेका छन् ।

## पत्र–मञ्जुषा

# जटिल बन्दै वित्तीय क्षेत्रको समस्या

केही वर्षअघिसम्म आफूसँग पैसा नभए पनि वित्तीय संस्थाबाट ऋण लिएर वा व्यक्तिसँग मिटरब्याजमा कर्जा लिएर घरजग्गा, गाडी र सेयर किन्ने चलन खुबै चलेको थियो । साथै, यी क्षेत्रमा लगानी गरेको केही समयमै दोब्बर नाफा कमाइन्थ्यो । यता दुई हजार रूपैयाँ कित्तामा किनेको एक कित्ता सेयर एक महिनापछि ३५ सय पुग्थ्यो त ३० लाख आनामा किनेको जग्गा ४० देखि ४५ लाख पुग्थ्यो ।

त्यस्तै २० लाखमा किनेको गाडी एक महिनापछि २५ देखि ३० लाख पुग्थ्यो । दिनमा चार गुना र रातमा आठ गुना मूल्यवृद्धि हुने भनेकै यी चिजहरूमा थियो । व्यक्तिहरूले पनि छिट्टै फाइदा कमाउन वा धनी बन्न मिटरब्याजमा ऋण लिँदै यी क्षेत्रमा लगानी गरे । त्यसबेला त महँगो ब्याज तिरे पनि आफूलाई त नाफा हुन्थ्यो तर अहिले ठ्याक्कै यसको उल्टो भयो । सधैंभरि नै मूल्य बढिरहन्छ र कहिले पनि घट्दैन भनेर मानिसहरूले यी क्षेत्रमा भएभरको लगानी गरे । तर, पछिल्लो समय बजारमा घरजग्गा, गाडीको किनबेच ठप्पै भएको छ त सेयर किनबेचमा मन्दी छाएको छ ।

यिनीहरूको किनबेचमा मन्दी आएपछि वा मूल्य घटेपछि ऋण लिएर घरजग्गा, गाडी र सेयरमा लगानी गर्नेहरू अहिले मर्नु कि बाँच्नु अवस्थामा पुगेका छन् । बूढापाकाले भन्थे- चोक्टा खान गएकी बूढी झोलमै डुबेर मरी । हामी त बूढापाकाले भनेका कुराहरू ख्यालठट्टामै उडाउने गर्थ्यौं । तर, पछिल्लो समय त बूढापाकाले भनेका एक-एक शब्द सत्य सावित हुँदै आएका छन् ।

नाफा खानका लागि वित्तीय संस्था वा व्यक्तिसँग ऋण लिएर घरजग्गा, गाडी र सेयरमा लगानी गरे तर अहिले यी क्षेत्रमा मन्दी आएपछि नाफा त के साँवा नै डुब्ने भएको छ । एक आनादेखि चार आना जग्गालाई हिजो ठाउँअनुसार आनाकै ३० देखि करोडसम्म हालेर किने, ऋण लिएर नै घर बनाए तर अहिले आम्दानी नभएपछि र घरजग्गा कारोबार ठप्प भएपछि त्यो घरजग्गा टोक्नु कि निल्नु भएको छ । घरजग्गा बेच्छु भन्दा मान्छे छैन त वित्तीय संस्थाको ऋण तिर्छु भन्दा पैसा छैन । अब वित्तीय संस्थाको ऋण कसरी तिर्ने भनेर यिनीहरूलाई बसिटिक्नु छैन । मोबाइलको स्वीच खोलौं त बैंकले मार्छ नखोलौं त कतिञ्जेल लुकेर बस्न नै सकिन्छ ।

बिहान भट्टी पसलमा, दिउँसो बाटोमा र राति घरमा मलाई डुबायो भन्दै गुनासो गर्छन् । बिहान कहिले भयो र रात कति छायो भनेर त यिनीहरूलाई होस् नै हुँदैन । तीन दशकअघिसम्म रोपनीको एक लाखमा पाउने जग्गा योभन्दा दुई वर्षअघिसम्म आनाकै करोड पर्थ्यो । तर, अहिले किन्ने मानिस नभएपछि घरजग्गा फेरि पनि पहिलेकै अवस्था वा मूल्यमा फर्केको छ । अब घरजग्गाको मूल्य बढ्ने होइन झन्झन् घट्नेछ । नेपालमा जति जनसंख्या रहेको छ, त्यति जनसंख्याको ९५ प्रतिशत जनताको घरजग्गा वित्तीय संस्था वा व्यक्तिको नाममा रहेको छ ।

यसरी छिट्टै नाफा कमाउन वा अरुको लहैलहैमा लागेर घरजग्गा किन्ने व्यक्ति र त्यही घरजग्गा धितो राखेर ऋण प्रवाह गर्ने वित्तीय संस्थाहरू अहिले पानीसमेत पिउन नपाई डुब्ने अवस्थामा पुगेका छन् । पछिल्लो समय त घरजग्गाको मूल्य नै छैन । पछिल्लो समय वित्तीय संस्थामा तरलताको समस्या आएपछि घरजग्गाको कारोबार ह्वात्तै घट्यो । ब्याज खान घरजग्गामा लगानी गर्ने वित्तीय संस्थाहरू अहिले डुब्ने वा भाग्ने अवस्थामा पुगेका छन् । यिनीहरूलाई अहिले त्यो घरजग्गा राख्नु कि फाल्नु भइरहेको छ ।

वित्तीय क्षेत्रमा देखिएको यो समस्याले समग्र अर्थतन्त्रलाई प्रभावित तुल्याएको छ । यसको तत्काल समाधान नखोजे दीर्घकालीन असर पुऱ्याउने निश्चित छ । त्यसैले सरकार, नेपाल राष्ट्र बैंक र बैंकरहरूले सहकार्य गरेर यो समस्याको साधान खोज्नुपर्छ ।

*– रश्मी थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नुभएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail .com
facebook .com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# गठबन्धनले राष्ट्रिय एकता स्थापित हुन्छ : प्रधानमन्त्री देउवा

■ प्रभाव संवाददाता

**चितवन–** प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गठबन्धनको जित भएमा राष्ट्रिय एकता स्थापित हुने विश्वास व्यक्त गरेका छन् ।

लोकतान्त्रिक-वाम गठबन्धन चितवनले शनिबार आयोजना गरेको आमसभालाई सम्बोधन गर्दै राष्ट्रिय एकता स्थापित गरेर सम्पूर्ण नेपालीलाई एक बनाउनुपर्नेमा उनले जोड दिए ।

उनले स्थायी शान्ति र विकासका लागि लोकतान्त्रिक-वाम गठबन्धनले निर्वाचन जित्नुपर्ने बताए । उनले गठबन्धनको एकता भएर अघि बढ्यो भने समावेशी, समानुपातिक मात्रै नभएर राष्ट्रिय एकता पनि स्थापित हुने बताए । उनले अहिलेको संविधानमा मनपरि तरिकाले संसद् विघटन गर्ने अधिकार नभएको उल्लेख गर्दै उनले अहिलेको संविधानमा मनपरी तरिकाले संसद् विघटन गर्ने अधिकार प्रधानमन्त्रीलाई नभएको बताए ।



उनले ठूलो संघर्षबाट प्राप्त भएको गणतन्त्र स्थायी रूपमा स्थापित गर्न र संघीय शासन व्यवस्था, समावेशिता, हिमाल, पहाड मधेससहित मेचीमहाकालीसम्मको भूभागलाई एक बनाएर लैजाने आफ्नो प्रयास रहेको उनले बताए । यसैका लागि अहिले गठबन्धनको सरकार आवश्यक रहेको बताए ।

उनले केपी शर्मा ओलीले संविधानलाई आफ्नो खेलाउना जस्तो गरेर दुई पटक विघटन गरेको उल्लेख गर्दै उनले त्यसलाई सबै मिलेर फिर्ता ल्याएको बताए ।

स्थानीय तहको निर्वाचनमा यहाँबाट विजयको सुरुआत भएको भन्दै प्रधानमन्त्री देउवाले प्रदेश र संघको निर्वाचनमा पनि विजयीको सुरुआत चितवनबाटै होस् भनेर आफू यहाँ आएको बताए । विजयीको जस पनि चितवनका जनताले लिन पाउने उनले बताए । प्रधानमन्त्री देउवाले नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को गृहजिल्ला र ऐतिहासिक महत्व बोकेको ठाउँ भएकाले चितवनको महत्व निकै ठूलो भएको बताए ।

जिल्लाका तीनै क्षेत्रमा गठबन्धनका उम्मेदवारलाई जिताउनुपर्ने भन्दै उनले गठबन्धनको उम्मेदवारका पक्षमा मतदान गर्न आग्रह गरे ।

उनले आउँदा तीन निर्वाचनसम्म गठबन्धन अघि बढाउनुपर्ने भन्दै सबैलाई इमान्दारिताका साथ गठबन्धनको पक्षमा मतदान गर्न आग्रह गरे ।



**झाँक्री नाच** | सत्ता गठबन्धनले शुक्रबार बागलुङको बुर्तिबाङ बजारमा आयोजना गरेको चुनावी कोणसभामा ढोरपाटन क्षेत्रमा प्रचलित झाँक्री नाच प्रस्तुत गर्दै कलाकार । *तस्बिरः रासस*

# निर्वाचन सुरक्षाका लागि नेपाल प्रहरीलाई निर्देशन

■ प्रभाव संवाददाता

**भरतपुर–** निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनमा कसैको प्रलोभन, डर, त्रास, धम्की वा अवरोधबाट माथि उठेर मतदाताले विवेकको मत हाल्न पाउने वातावरण सिर्जनाका लागि उच्च मनोबलका साथ काम गर्न नेपाल प्रहरीका अधिकृत तथा जवानहरूलाई आग्रह गरेका छन् ।

भरतपुरस्थित नेपाल प्रहरी शिक्षालयका अधिकृत र तालिममा रहेका प्रहरीलाई सम्बोधन गर्दै प्रमुख आयुक्त थपलियाले सत्य सेवा सुरक्षणम्को संकल्पसहित प्रहरीले स्थलमा खटिएर सुरक्षित मतदान कार्यमा सघाउँदै आएको बताउँदै मंसिर ४ गते हुने निर्वाचनलाई शान्तिपूर्णरूपमा सम्पन्न गराउन चनाखो भएर काम गर्न निर्देशन दिए ।

कुनै दल र उम्मेदवारले मतदातालाई प्रभावित पार्न नगद वा जिन्सी सामान दिएको पाइएमा ठाउँको ठाउँ कारबाही गर्न नेपाल प्रहरीलाई अधिकार सुम्पिइएको स्पष्ट गर्दै उनले मतदाता, मतपेटिका र मतगणना कार्यको सुरक्षा गरेर निर्वाचनको निष्ठा जोगाउने कार्यमा सघाउन आग्रह गरे ।

'मतदान केन्द्रमा सही मतदाता आएका छन् या अवरोध गर्ने तत्वहरू आएका छन्, त्यसको सूक्ष्म विश्लेषण गर्नुस् । केन्द्रभन्दा बाहिरको वातावरण र सुरक्षाबारे फैलन सक्ने भ्रम चिरेर ढुक्कले मतदानमा सहभागी हुन सकिन्छ भन्ने सन्देश आम मतदातालाई सुरक्षाको प्रत्याभूति गराउनुस् ।' प्रमुख आयुक्त थपलियाले भने, 'मतपत्र र मतपेटिकामा कसैले छड्के आँखा (कुदृष्टि) लगाएमा, सम्झनुस्, त्यो तपाईका विरुद्धको कुदृष्टि हो, त्यसलाई ठाउँको ठाउँ कारबाही गर्नुस् ।' चितवनका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुखलगायत सहभागी कार्यक्रममा शिक्षालयका प्रमुख एवं प्रहरी नायव महानिरीक्षक सन्दीप भण्डारीले आयोगको निर्देशनबमोजिम निर्वाचनलाई निष्पक्षरूपमा सम्पन्न गराउन नेपाल प्रहरीले आफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने प्रतिज्ञा व्यक्त गरेका थिए ।



त्यस्तै आयुक्त थपलियाले निर्वाचनलाई निष्पक्ष बनाउन मतदान अधिकृत र सहायक मतदान अधिकृतहरूको भूमिका महत्वपूर्ण हुने बताए ।

चितवनका मतदान अधिकृत र सहायक मतदान अधिकृतका लागि भरतपुरमा आयोजित तालिमलाई सम्बोधन गर्दै प्रमुख आयुक्त थपलियाले निर्वाचनमा कसैको प्रलोभन, डर, त्रास, धम्की वा अवरोधबाट माथि उठेर मतदाताले विवेकको मत हाल्न पाउने वातावरण सिर्जनाका लागि प्राप्त जिम्मेवारीलाई तटस्थ, इमानदार र निष्पक्ष भएर गहनरूपमा महसुस गरेर काम गर्न निर्देशन दिए ।

मतदाताको सार्वभौम मतको उपयोगलाई सहजरूपमा गर्न दिने र गलत व्यक्तिले मतदान गर्ने अवस्था आउन नदिने तथा मतदान केन्द्रलाई समावेशी, लैंगिक तथा अपांगमैत्री बनाउन मंसिर १ गतेसम्म सम्बन्धित केन्द्रमा पुगेर खट्न आग्रह गरे । कार्यक्रममा चितवनका मुख्य निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, जिल्ला निर्वाचन अधिकारीलगायतको उपस्थिति रहेको थियो ।

# कुश्मा-बलेवा यान्त्रिक पुल बन्द गरिने

**पर्वत–** पर्वतको कुश्माबजार र बागलुङको बलेवा जोड्ने गरी निर्माण गरिएको केबुलकार मोडेलको यान्त्रिक पुल केही दिन बन्द हुने भएको छ । पुलको नियमित मर्मतका लागि शनिबारदेखि झण्डै एक साताका लागि बन्द गरिने कम्पनीले जनाएको छ । पुलको दुवै भागमा रहेका लट्ठा, डब्बा तथा अन्य मेसिनरी सामानको नियमित मर्मत तथा सफाइका लागि बन्द गरिने कुश्मा-बलेवा यान्त्रिक पुल लिमिटेडका सञ्चालक केदारनाथ शर्माले जानकारी दिए । पर्वतको सदरमुकाम कुश्माबाट बागलुङ नगरपालिका-१४ बलेवासम्म जोडिएको उक्त पुलबाट दैनिक पाँच सय सर्वसाधारण आवातजावत गर्दै आएका छन् । पुलका डब्बा तान्न प्रयोग हुने मसिना लट्ठा एक-एक वर्षमा परिवर्तन गर्नुपर्ने भएकाले बन्द गर्नुपरेको शर्माले बताए । तर यसपटक लामो समयपछि मात्रै मर्मत गर्न थालिएको हो ।

यान्त्रिक पुल बन्द हुँदा दुवै क्षेत्रका सर्वसाधारण एक घण्टाको घुमाउरो बाटो यात्रा गरी बडागाउँ-कैया झोलुंगेपुल वा शुल्क तिरेर बन्जी पुलबाट आवातजावत गर्नुपर्ने बाध्यता सिर्जना भएको छ । यो पुल दक्षिणी बागलुङका एक दर्जन गाउँका बासिन्दाले प्रयोग गर्दै आएका छन् । पुल हेर्न आन्तरिक तथा बाह्य पर्यटकसमेत आउने गरेका छन् ।

२०६८ मा करिब चार करोडको लागतमा बनाइएको यो पुलबाट एक डब्बामा एकपटकमा आठ जना गरी दुईमा १६ जना मानिस आवातजावत गर्दै आएका छन् । *रासस*

## मृत फेला

**काठमाडौं(प्रस)–** सोलुदूधकुण्ड नगरपालिका-११ लुमासा बस्ने ३९ वर्षीय बालकुमार भुजेल आफ्नै घरमा शुक्रबार मृत अवस्थामा फेला परेका छन् ।

कैलाली, गोदावरी नगरपालिका-१० सिउडी कटान बस्ने ५० वर्षीय सगराम लुहार सोही ठाउँ सालघारीस्थित कुवामा शुक्रबार मृत अवस्थामा फेला परेका छन् ।

हुम्ला, खार्पुनाथ गाउँपालिका-५ दुर्पा गोरसिहं ऐडीको घरमा बास बसेका सिमकोट गाउँपालिका-३ बरगाउँ बस्ने ४२ वर्षीय थान्जुक लामा सोही घरमा शनिबार मृत अवस्थामा फेला परेका छन् ।

बर्दिया, राजापुर नगरपालिका-१ चनौरास्थित कर्णाली नदीको किनारमा गेरुवा गाउँपालिका-२ बनघुस्रा बस्ने ६३ वर्षीय मकैया थारु शनिबार मृत अवस्थामा फेला परेका छन् ।

## रड प्रहार गरी हत्या

**तनहुँ (प्रस)–** शुक्लागण्डकी नगरपालिका-४ दुलेगौडा बस्ने देवघाट गाउँपालिका-२ क्वादी घर भएका २४ वर्षीय विरम आलेको रड प्रहार गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने सर्लाही गौरीशंकर नगरपालिका-५ बगरवा घर भएका २५ वर्षीय नबिन कुमार चौधरीलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

शुक्लागण्डकी नगरपालिका-४ दुलेगौडास्थित रिमाल अटो केयरमा काम गरिरहेको अवस्थामा आलेलाई चौधरीले एक्कासी रडले प्रहार गर्दा गम्भीर घाइते भई उपचारको लागि मणिपाल शिक्षण अस्पताल पोखरा लगिएकोमा उनको उपचारको क्रममा मृत्यु भएको हो ।

इलाका प्रहरी कार्यालय बेलचौतारा तनहुँबाट खटिएको प्रहरीले घटनामा संलग्न चौधरीलाई पक्राउ गरेको हो ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७९/०७/२७

यस कम्पनीको मिति २०७९/०७/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **फ्रट्कम इन्टेलिजेन्ट फ्लीट्स प्रा.लि. (प्रा.लि. नं. ३००९८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०६७/२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **गो फ्रट्कम नेपाल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**Parshuram Municipality**

**Office Of Municipal Executive**

**Jogbuda, Dadeldhura**

**Sudoorpaschim province, Nepal**

**NOTICE OF INVITATION FOR ONLINE SEALED QUOTATION**

**(First Publication Date: 13Nov 2022) (2079-07-27)**

1. Government Of Nepal has allocated funds to cover eligible payment under the contract for Procurement,Supply and Delivery Of Health Medicine.
2. Parshuram Municipality, JogbudaDadeldhura invites electronic sealed quotation from Nepalese eligible bidders underSealed Quotation procedures for the following works:

| S. N. | IFB No. | Description of works | Bidvalidity period in days/Bid security validity period in days | Bid Security Amount in (NRs.) | Bid Document Fee (Non-Refundable) (NRs.) |
|---|---|---|---|---|---|
| 1. | 01/GOODS/SQ/PM/2079-080 | Procurement,Supply And Delivery Of Health Medicine. | 45/75 | 50,000.00 | 1,000.00 |
| Deadline for purchase of Bid Document: | Please visit bolpatra.gov.np/egp | | | | |
| Deadline for bid submission: | 28Nov 2022 (2079-08-12) up to 12:00 noon. | | | | |
| Date, time and place of bid Opening: | 28Nov 2022 (2079-08-12) at 13:00 in office time. | | | | |
| Information to deposit cost of bid document in bank: | Name of Bank: **Nepal Bank Ltd , Jogbuda Branch**<br>Name of Office: **Parshuram Municipality, Jogbuda,Dadeldhura.**<br>Account Number (AantarikRajshowKhata) : **24403000001001000001** | | | | |
| Information to deposit bid security in bank: | Name of Bank: **Nepal Bank Ltd , Jogbuda Branch**<br>Name of Office: **Parshuram Municipality, Jogbuda,Dadeldhura**<br>Account Number (DharautiKhata ) : **24403000003000000001** | | | | |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office or may visit PPMO **website www.bolpatra. gov.np/egp.**
4. Expiry date of all medicine should be at least 18 month from delivery date and firm must be WHO,GMP Certified.
5. All the other remaining condition and process will be applicable as stated in PPA 2063, and regulation 2064 and other related law.
6. Office have right to terminate the bid invitation at any time.If any queries contact office or at 9848769295.

**Chief Administrative Officer**

# प्रभाव दैनिक

रूपशाला

आइतबार, २७ कात्तिक २०७९ (Sunday, November 13, 2022)


## 'अन्तर'को आवरण सार्वजनिक

कवि तथा लेखक रमेश सायनको पहिलो उपन्यास 'अन्तर'को आवरण सार्वजनिक भएको छ। इटहरीमा आयोजित कार्यक्रममा कवि मनु मन्जिल र लेखक तथा अभिनेता खगेन्द्र लामिछानेले पुस्तकको आवरण लोकार्पण गरेका हुन्। मानव समाज र मानवीय संवेदनासँग जोडिएको नवीन कथालाई लेखक सायनले उपन्यासमा चित्रण गरिएको प्रकाशक संस्था बुकहिलले जनाएको छ। अन्तर उपन्यास आगामी माघ महिनामा सार्वजनिक हुनेछ।



# प्रदर्शनको तेस्रो साता पनि 'हाउसफुल' महापुरूष




■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रदर्शनको तेस्रो सातामा समेत ' महापुरूष' हाउसफुल चलिरहेको छ। फिल्मले शनिवार विहान काठमाडौं उपत्यकामा रहेका शोहरू हाउसफुल व्यापार गरेको छ। प्रदर्शनको दुई सातामा फिल्मले सात करोड चार लाख ग्रस कलेक्सन गरेको जनाइएको छ। यो फिल्म नेपालसँगै अमेरिकामा समेत इतिहास बनाउने दौडमा छ।

फिल्मलाई अमेरिकामा नेपाल इलाभेन इन्टरटेनमेन्ट एलएलसीले प्रदर्शन गरिरहेको छ। डलासबाट सुरु भएको फिल्मले रेगुलर शोमै दर्शक पाइरहेको नेपाल इलाभेन इन्टरटेनमेन्ट एलएलसीका प्रतिक सुवेदीले जानकारी दिए। उनले नेपाली भाषी रहेको अमेरिकाको हरेक सहरमा फिल्म प्रदर्शन गर्ने जानकारी दिएँ। 'फिल्मको डिमाण्ड बढ्दो छ। स्थानीय फिल्म रिलिज हुँदा समेत हामीले हल पाइरहेका छौं। जबकि यहाँ प्राइभेट नभई नेपाल भैं सिधै टिकेर काटेर फिल्म हेर्न मिल्ने गरी शो गरिरहेका छौं',उनले भने।

वितरक सुवेदीका अनुसार डलासमा मात्र नोभेम्बर १० सम्ममा ६९ शो भइसकेको छ भने एटलान्टा, जर्जिया बाल्टिमोर, मेरिल्याण्ड र नर्थ क्यारोलिना, लस एन्जलस, डेनभर, एक्रोन, ह्युस्टन, अस्टिन जस्ता सहरमा समेत प्रदर्शन भइरहेको फिल्म 'महापुरूष' को एक सय ४७ शो भइसकेको छ। विदेशी फिल्मकै शैलीमा प्रदर्शन भइरहेको पहिलो रहेको सुवेदीले बताए।

यसले नेपालमा तेस्रो सातामा मल्टिप्लेक्स चेन क्युएफएक्सले मात्रै देशभरका आफ्ना आउटलेटमा २१ शो पाएको छ। क्युएफएक्सअन्तर्गत दरबार सिनेम्याक्समा एक शो, भक्तपुरमा रहेको क्युएफएक्समा तीन शो, लबिम मलमा चार शो, सिभिल मलमा तीन शो, ठमेलमा रहेको छायाँ सेन्टरमा एक शो दिएको छ। क्युएफएक्सकै मोफसल अन्तर्गत नेपालगन्जमा एक शो, वुटवलमा दुई शो, दमौलीमा एक शो, नारायणघाटमा रहेको जलमामा दुई शो, विराटनगरमा एक शो, विर्तामोडमा दुई शो दिएको छ। काठमाडौंमा रहेको मल्टिप्लेक्सहरूमा कमलपोखरी स्थित सिटी सेन्टरमा रहेको बिग मुभिजमा एक शो, दरबारमार्ग स्थित राइजिङ मलमा रहेको क्युज सिनेमाजमा एक शो, सुन्धारा स्थित सिटिसी मलमा रहेको सिने डी सेफमा एक शो र चाबहिलमा रहेको केएलटावरमा अवस्थित एफक्युबमा दुई शो रहेको छ। बानेश्वरमा रहेको वान सिनेमाजमा दुई शो र कालिमाटीमा दुई शो दिएको छ। यस्तै, आइएनआइ सिनेमाज अन्तर्गत लोत्से मलमा तीन शो र बुटवलमा रहेको आइएनआइमा तीन शो दिएको छ।

# नेपाल फिल्म क्याम्पस र न्युयोर्क फिल्म एकेडेमीबीच सम्झौता

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल फिल्म क्याम्पस र अमेरिकाको न्युयोर्क फिल्म एकेडेमीबीच फिल्म निर्माण र ज्ञान आदानप्रदान गर्ने सम्बन्धमा विविध बुँदामा सम्झौता भएको छ। शुक्रबार क्याम्पस प्रमुख शिशिर उप्रेतीले त्रिभुवन विश्वविद्यालयका रेक्टर शिवप्रसाद भुसालको उपस्थितिमा एकेडेमीका सभापति माइकल योङ र उपसभापति जिम मिलरसँग सम्झौता गरेको जानकारी दिए।

फिल्म कलेजमा अध्ययन गर्ने विद्यार्थीको अन्तर्राष्ट्रिय पहुँच अभिवृद्धि गर्ने उद्देश्यका साथ अमेरिकाको चर्चित फिल्म कलेजसँग आफूहरूले सम्झौता गरेको क्याम्पस प्रमुख शिशिर उप्रेतीले पत्रकार सम्मेलनमा जानकारी गराए।

'सिनेमा स्थानीय उत्पादन र उपभोगको विषय मात्र रहेन। हाम्रा विद्यार्थीले पनि अमेरिका र युरोपका विद्यार्थीसँग सृजनात्मक र प्राविधिक दुवै हिसाबले प्रतिस्पर्धा गर्न सकुन् भन्ने उद्देश्यले हामीले यो पहल थालेका हौं,' क्याम्पस प्रमुख उप्रेतीले भने।

दुवै फिल्म पढाउने संस्थाबीच भएको सम्झौताअनुसार आउँदो वर्षदेखि दुवै क्याम्पसले विद्यार्थी आदानप्रदान गर्नेछन्। यसरी आउने जाने विद्यार्थी एक महिना, तीन महिना र ६ महिनासम्मका लागि आउन जान सक्ने कार्यक्रममा जानकारी गराइयो। नेपालबाट जाने विद्यार्थी न्युयोर्क एकेडेमी रहेका न्युयोर्क, लस एन्जल्स र सिकागोमा रहेका एकेडेमीमा जानेछन्। अमेरिकाबाट पनि यिनै ठाउँका विद्यार्थी नेपाल आउन सक्नेछन्।

नेपाल फिल्म क्याम्पसमा ब्याचलर सकेपछि मास्टर्स गर्न जाने विद्यार्थीले न्युयोर्क एकेडेमीमा पूर्णदेखि आंशिक छात्रवृत्तिसम्ममा पढ्न पाउने पनि सम्झौता भएको कार्यक्रममा जनाइएको थियो।

विद्यार्थी आदान प्रदानबाहेक नेपाली विद्यार्थीको सीप तथा क्षमता अभिवृद्धिका लागि सिनेमाका विविध विषयमा कार्यशाला तथा मास्टरक्लासको आयोजना हुने पनि सम्झौतामा उल्लेख छ। यसैगरी, नेपाल फिल्म क्याम्पस र न्युयोर्क फिल्म एकेडेमीका ब्याचलर चौथो वर्षका विद्यार्थीको संयुक्त प्रयासमा नेपालका हिमाल, पहाड, तराईमा रहेका कथाको उत्खनन् गर्ने र तिनलाई दृश्यमा जिवन्त बनाउने 'कथा यात्रा'को आयोजना गरिने पनि कार्यक्रममा जानकारी दिइयो।

# मुम्बईमै शाहरूखलाई १ घण्टा सोधपुछ

**मुम्बई (एजेन्सी)–** बलिउड अभिनेता शाहरूख खान र उनको टिमलाई अमेरिकाको विमानस्थलमा पटक पटक सोधपुछ गरिएको समाचार त सुनिएकै हो। तर, उनलाई मुम्बई एयरपोर्ट मै समेत कस्टम विभागले शुक्रबार अबेर राती एक घण्टा सोधपुछ गरेको छ। सोधपुछपछि शाहरूख र उनको म्यानेजर पूजा ददलानीलाई प्रहरीले छोडे पनि शाहरूखका बडीगार्ड रवि र टिमलाई नियन्त्रणमै राखेको थियो।

समाचारअनुसार लाखौं मूल्य पर्ने घडीलाई भारत ल्याएको, झोलामा महंगा घडीका खाली डिब्बा भेटिएको र कस्टम ड्युटी नतिरेको कारण जनाउँदै विभागले शाहरूखसँग सोधपुछ गरेको थियो। शाहरूख आफ्नो टिमका साथ निजी चार्टरबाट दुबईको एक पुस्तक सार्वजनिक कार्यक्रममा पुगेका थिए। यही चार्टरबाट गए राति साढे १२ बजे उनी मुम्बई फर्किएका थिए। रेड च्यानल पार गरिरहँदा कस्टमले शाहरूख र उनको टिमको ब्यागमा लाखौं रूपैयाँको घडी फेला पारेको थियो।

यसपछि कस्टमले सबैलाई रोक लगाएको थियो र झोलाको चेकजाँच गरेको थियो। चेकजाँचको क्रममा झोलाबाट विभिन्न महंगा ब्राण्डका घडी सँगै घडीका खाली बट्टा भेटिएका थिए। कस्टमले यी घडीको मूल्यांकन गर्दा १७ लाख ५६ हजार ५ सय रूपैयाँ निकालेको थियो। यी घडीको कर तिर्न उनीहरूलाई आग्रह गरिएको थियो। त्यसपछि शाहरूखका बडीगार्ड रविले ६ लाख ८६ हजार रूपैयाँ कस्टम शुल्क तिरेका थिए। यसको बिल रविकै नाममा बनेको छ। रविले पैसा शाहरूखको क्रेडिट कार्डबाट तिरेका छन्। सबै प्रक्रिया पुरा गरेपछि रविलाई शनिबार बिहान ८ बजे कस्टमले छोडेको थियो।

## रंगशाला

पिएम कप एकदिवसीय पुरुष क्रिकेट

# एपिएफ क्लबलाई उपाधि




■ प्रभाव संवाददाता

**काठमाडौं–** विभागीय टोली एपिएफ क्लबले दोस्रोपटक प्रधानमन्त्री (पिएम) कप एकदिवसीय पुरुष क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ।

कीर्तिपुरस्थित टियु क्रिकेट मैदानमा शनिवार भएको फाइनलमा अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ४ विकेटले हराउँदै एपिएफ च्याम्पियन बनेको हो।

उपाधिसँगै एपिएफले नगद १० लाख पुरस्कार प्राप्त गरेको छ। उपविजेता बनेको आर्मीले ५ लाखमा चित्त बुझाएको छ। सेमिफाइनलबाट बाहिरिएका पुलिस क्लब र मधेश प्रदेशले ५०/५० हजार प्राप्त गऱ्यो।

विवादका कारण ढिला सुरु भएको खेल ४० ओभरमा झारिएको थियो। र, आर्मीले एपिएफलाई जितका लागि १ सय ८० रनको लक्ष्य दएको थियो। आर्मीले दिएको लक्ष्य एपिएफले ३८ ओभर ३ बलमा ६ विकेट गुमाएर १ सय ८० रन बनाएर पूरा गऱ्यो। एपिएफको जितमा भुवन कार्कीले सर्वाधिक ५५ रनको अर्धशतकीय इनिङ खेले।

सुमित महर्जनले ३४ रन जोड्दा प्रदीप ऐरीले २० रन बनाए। सन्दीप जोराले १७ तथा आसिफ शेखले १४ र लोकेश बमले ८ रन बनाए। कप्तान शरद भेषवाकरले अविजित १६ रन जोडे। आर्मीका जितेन्द्र मुखियाले २ विकेट लिए। सोमपाल कामी, बिक्रम सोब र सुशन भारीले १/१ विकेट लिए। त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको आर्मीले ३९ ओभरमा अलआउट हुँदै १ सय ७९ रन बनाएको थियो।

आर्मीका युवा ब्याटर तथा राष्ट्रिय टोलीका नवनियुक्त कप्तान रोहित कुमार पौडेलले सर्वाधिक ४९ रन बनाए। जितेन्द्र मुखिया २४ रनमा अविजित रन रहे। शुसन भारीले १९ रनमा आउट भए। अन्तिम विकेटका लागि शुसन भारी र जितेन्द्र मुखियाले ४७ रनको साझेदारी गरे। ओपनर सोमपाल कामी शून्य रनमा आउट हुँदा अर्का ओपनर अर्जुन साउद १३ रनमा बनाए। हरि चौहानले १५ रन, बिक्रम सोब ६ तथा कप्तान बिनोद भण्डारी ११ रनमा आउट भए। राजेश पुलामी १८ रनमा आउट भए।

आर्मीलाई सस्तैमा समेट्न एपिएफका लागि अमर सिंह रौटेला र मौषम ढकालले समान ३/३ विकेट लिए। किशोर महतोले २ विकेट लिए। नेपाल क्रिकेट संघ (क्यान) ले आयोजना गरेको प्रतियोगितामा १० टोलीको सहभागिता रहेको थियो।

### दीपेन्द्र सिंह सर्वोत्कृष्ट खेलाडी

नेपाल पुलिस क्लबका कप्तान दीपेन्द्र सिंह ऐरी पिएम कप एकदिवसीय राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी चयन भएका छन्। कीर्तिपुरस्थित टियु क्रिकेट मैदानमा शनिबार सकिएको प्रतियोगितामा दीपेन्द्र सर्वोत्कृष्ट चयन भएका हुन्। दीपेन्द्रको टोली पुलिस सेमिफाइनलमा पराजित भएको थियो। सर्वोत्कृष्ट बनेसँगै दीपेन्द्रले ५० हजार नगद प्राप्त गरे। दीपेन्द्र प्रतियोगिताको उत्कृष्ट ब्याट्सम्यान समेत चुनिए। उनले २० हजार प्राप्त गरे। पुलिसकै करण केसी उत्कृष्ट बलर चुनिए। उनले २० हजार प्राप्त गरे। इमर्जिङ प्लेयरको अवार्ड मौषम ढकालले प्राप्त गरे। एपिएफका उनले १० हजार नगद पाए।

# सिद्धार्थ बैंकलाई कामना सेवा फुटसलको उपाधि

■ प्रभाव संवाददाता




**काठमाडौं–** सिद्धार्थ बैकले दोस्रो संस्करणको कामना सेवा फुटसल कपको उपाधि जितेको छ। हाँडीगाउँस्थित धन्यन्तरी फुटसलमा शनिबार भएको फाइनलमा प्रभु बैंकलाई पेनाल्टी सुटआउटमा ३-२ गोल अन्तरले हराउँदै सिद्धार्थ च्याम्पियन बनेको हो।

रोमान्चक बनेको फाइनलको निर्धारित समय गोलरहित बराबरीमा सकिएपछि खेल पेनाल्टी सुटआउटमा गएको थियो। पेनाल्टीमा सिद्दार्थका शान्तिराम कार्की, सन्जिब श्रेष्ठ र राजु श्रेष्ठले गोल गरे। प्रभुका केशब योगी र विकास तामाङले गोल गर्दा अमनराज बज्राचार्य गोल गर्न असफल भए।

उपाधिसँगै सिद्दार्थले ट्रफी, मेडल, प्रमाणपत्र तथा केटीएम सिटीबाट ४५ हजार बाबरको गिफ्ट भौचर प्राप्त गरे। यस्तै जेन्स पार्कको तर्फबाट ९ जना खेलाडीलाई १५ सय बराबरको गिफ्ट भौचर प्राप्त गरे। उपविजेता टिमका खेलाडीले जेन्स पार्कको तर्फबाट ८ सय बराबरको गिफ्ट भौचर प्राप्त गरे। त्यस्तै प्रतियोगितामा सहभागिता जनाउने सम्पूर्ण टिमका खेलाडीले मेरिना इम्पेक्स एण्ड टेलरिङ सेन्टरबाट २५ प्रतिशत छुट पाउने छन्। प्रतियोगितामा सिद्दार्थका शान्तिराम कार्की उत्कृष्ट खेलाडी चुनिए। उत्कृष्ट गोलकिपर प्रभुका इराज डंगोल र सर्वाधिक गोलकर्ता ज्योति विकास बैंकका सुरज महर्जन चुनिए। उनीहरूले ट्रफी प्राप्त गरे।

दुई टिम सहभागी महिलातर्फको उपाधि कामना सेवा विकास बैंकले जितेको छ। फाइनलमा कामनाले माछापुच्छे बैंकलाई २-१ ले हरायो। महिलाको उपाधिसँगै कामनाले ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ।

प्रतियोगिताका विजेता खेलाडीलाई कामना सेवा विकास बैंकका डीसिईओ विनय दाहाल, मेरिना इम्पेक्सका चेयरम्यान पवन खड्का, एक्सटेपका चेयरम्यान गणेश श्रेष्ठ, जेन्स पार्कका चेयरम्यान राहुल छाछन, इनास इन्टरप्राइजेजका राजु बास्तोला, नेपाल डिस्टिलरीका सेल्स अफिसर अमित नगरकोटी र नेचुरल फ्रुट्सका एमडी पुनम अधिकारी लगायतले पुरस्कृत गरे।

कामना सेवा विकास बैंकको आयोजना र खेलपाटी डटकमको व्यवस्थापनमा आयोजना भएको प्रतियोगितामा बैंक तथा वित्तिय संस्थाका २४ पुरुष र २ महिला टोलीको सहभागिता रहेको थियो।

# राष्ट्रिय खेलकुदका पदक विजेतालाई सम्मान

**कास्की (प्रस)–** पोखरा महानगरपालिकाले नवौं राष्ट्रिय खेलकुदमा पदक प्राप्त गर्ने खेलाडीलाई सम्मान गरेको छ। राष्ट्रिय खेलकुदमा सहभागी भएर पदक प्राप्त गर्ने खेलाडी, प्रशिक्षक र व्यवस्थापक गरी एक सय ९२ जनालाई सम्मान गरिएको हो।

स्वर्ण पदक विजेता ३५, रजत पदक विजेता ३२ र कास्य पदक विजेता ८५ खेलाडीलाई सम्मान सहित क्रमशः जनही रु १५ हजार, रु १० हजार र कास्य रु पाँच हजार प्रदान गरिएको थियो।

यसैगरी ३६ टोली व्यवस्थापक र ४० प्रशक्षिकलाई समेत सम्मान गरिएको थियो। महानगर प्रमुख धनराज आचार्यले खेलाडीलाई प्रदान गरिएको रकम सानो भए पनि हौसला बढाउन सहयोगी हुने विश्वास व्यक्त गरे। खेलाडीको खेलजीवनको निरन्तरताका लागि आवश्यक सहयोग गर्न महानगरपालिका प्रतिबद्ध रहेको उनले बताए।

पोखरालाई पर्यटनको राजधानी बनाउने अभियानमा महानगरको टोली रहेको चर्चा गर्दै नगरप्रमुख आचार्यले खेलमार्फत पर्यटन प्रवर्द्धनसहित यहाँ आवश्यक पूर्वाधार निर्माण गरिने जानकारी दिए।


महानगरले अंग्रेजी नयाँ वर्ष २०२३ को अवसरमा पोखरामा आयोजना गर्न लागेको 'टुर दि पोखरा' कार्यक्रमका क्रममा आगामी पुस ६ गते दोस्रो संस्करणको राष्ट्रिय मेयरकप साइकल दौड प्रतियोगिता, २०७९ गर्ने जनाएको छ। पोखरा-१७ रानीवनबाट सुरु हुने उक्त प्रतियोगितामा देश तथा विदेशका साइकलयात्रीको सहभागिता रहने भएका छन्। यसैगरी राष्ट्रिय खेलकुदमा पदक विजेता खेलाडीलाई गण्डकी प्रदेश खेलकुद परिषद्ले नगदसहित सम्मान गर्ने भएको छ। कार्यकारी समितिको शुक्रबार बसेको बैठकले उक्त निर्णय गरेको परिषद्का सदस्यसचिव घनश्याम पौडेलले जानकारी दिए। उनका अनुसार मंसिर तेस्रो साताभित्रै खेलाडीलाई नगदसहित सम्मान गरिनेछ।




**खलिफा अन्तर्राष्ट्रिय रंगशाला**

कतारको दोहामा फिफा विश्वकपका लागि तयार पारिएको खालिफा अन्तर्राष्ट्रिय रंगशालाको बाहिरी दृश्य, जहाँ विश्वकपका आठ खेल खेलाइनेछ । *तस्बिरः सिन्ह्वा*

# जी–२० र एपेक सम्मेलनमा सहभागी हुँदै राष्ट्रपति सी




**बेइजिङ–** यही कात्तिक २९ र ३० गते इण्डोनेसियाको बालीमा हुने विश्वका प्रमुख विकसित र उदीयमान अर्थतन्त्रलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी-२० शिखर सम्मेलनमा चीनका राष्ट्रपति सी चिनफिङ सहभागी हुने भएका छन् । राष्ट्रपति सी थाइल्याण्डमा हुने एसिया प्रशान्त-आर्थिक सहयोग सम्मेलन (एपेक) बैठकमा पनि सहभागी हुने परराष्ट्र मन्त्रालयका प्रवक्ता झाओ लिजियानले बताएका छन् ।

कोभिड-१९ को महामारी र चिनियाँ कम्युनिस्ट पार्टीबाट महासचिवमा पुनःनिर्वाचित भएपछि हुन लागेको यो भ्रमणले चीन र उदीयमान अर्थतन्त्र भएका देशको सम्बन्धलाई अझ सघन तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

भ्रमणका क्रममा चिनियाँ राष्ट्रपतिले अमेरिकी राष्ट्रपति जो बाइडेन, फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रौँ र अन्य नेताहरूसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको प्रवक्ता झाओले बताएका छन् ।

राष्ट्रपति सीले सत्तारुढ कम्युनिस्ट पार्टीको नेताका रूपमा तेस्रो पाँच वर्षको कार्यकाल पाएपछि अमेरिका र अन्य शक्तिराष्ट्रका नेतासँग व्यापारलगायत क्षेत्रीय एवं अन्तर्राष्ट्रिय चासोका विषयमा सघन छलफल हुने अपेक्षा गरिएको छ । *रासस*

# ‘राष्ट्रपति बाइडेन प्रधानमन्त्री मोदीलाई भेट्न उत्सुक’





**वासिङ्टन–** अमेरिकी राष्ट्रपति जो बाइडेन यस वर्षको जी-२० शिखर सम्मेलनमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेट्न उत्सुक रहेको अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले शुक्रबार उल्लेख गरेका छन् । भारतले आगामी डिसेम्बरको १ देखि जी-२० को अध्यक्षता गर्दै छ ।

पत्रकार सम्मेलनलाई सम्बोधन गर्ने क्रममा सुलिभानलाई प्रधानमन्त्री मोदी ह्वाइट हाउसको भ्रमण गर्ने हो कि भनेर सोधिएको प्रश्नको जवाफमा उनले भने, ‘भारत अर्को वर्ष जी-२० को अध्यक्ष हो र राष्ट्रपति बाइडेन जी-२० मा सहभागी हुन चाहनुहुन्छ र सम्भवतः भेट त्यतै हुनेछ ।’ राष्ट्रपति बाइडेनको पदभार ग्रहणलगत्तै प्रधानमन्त्री मोदी ह्वाइट हाउस पुगेका थिए ।

‘दुई नेताले पटक-पटक फोन वार्ता र भिडियो वार्ता गरिरहनुभएको छ । अमेरिका-भारत साझेदारीलाई बलियो बनाउनेलगायतका दुईपक्षीय चासोका मुद्दामा दुई नेताबीच छलफल भइरहेका छन् । राष्ट्रपति बाइडेन प्रधानमन्त्री मोदीलाई भेट्न उत्सुक हुनहुन्छ,’ सुलिवानले भने ।

यसअघि शुक्रबार राष्ट्रपति बाइडेनले संयुक्त राष्ट्रसंघको २७औं जलवायु परिवर्तन सम्मेलन (कोप-२७) को छेउमा इजिप्टका राष्ट्रपति अब्देल फताह अल-सिसीसँग पनि भेटवार्ता गरेका थिए । इतिहासमा सबैभन्दा ठूलो हरितगृह ग्यास उत्सर्जन गर्ने देश भएकोमा अमेरिकाले व्यापक आलोचनाको सामना गरिरहेको बेला राष्ट्रपति बाइडेनले संयुक्त राष्ट्रको जल वायु वार्तालाई सम्बोधन गरेको न्युयोर्क टाइम्सले उल्लेख गरेको छ ।

जी-२० अन्तर्राष्ट्रिय आर्थिक सहयोगको लागि प्रमुख मञ्च हो, जसले विश्वव्यापी जिडिपीको लगभग ८५ प्रतिशत, विश्वव्यापी व्यापारको ७५ प्रतिशतभन्दा बढी र विश्व जनसंख्याको लगभग दुई तिहाइको प्रतिनिधित्व गर्दछ ।

जी-२० अध्यक्षताको अवधिभर भारतले देशका विभिन्न स्थानमा लगभग २०० वटा बैठक आयोजना गर्नेछ । अर्को वर्ष हुने जी-२० शिखर सम्मेलन भारतले आयोजना गर्ने सबैभन्दा उच्च महत्त्वको अन्तर्राष्ट्रिय सम्मेलनमध्ये एक हुनेछ । *रासस/एएनआई*

# भ्रष्टाचारमा क्यामरुनले एक वर्षमै गुमायो ४४ अर्ब

**याउण्डे–** क्यामरुनले गत वर्ष भ्रष्टाचारबाट करिब ४४ अर्ब रकम (लगभग ६७ मिलियन अमेरिकी डलर) गुमाएको क्यामरुन भ्रष्टाचार विरोधी आयोगले बिहीबार सार्वजनिक गरेको तथ्यांकले देखाएको छ ।

यो रकम सन् २०२० को तुलनामा २६ अर्ब क्यामरुनको सकमभन्दा बढी भएको प्रतिवेदनमा उल्लेख गरिएको छ । स्वास्थ्य, शिक्षा, वित्त, सडक यातायात र प्रादेशिक प्रशासन क्षेत्र सबैभन्दा बढी भ्रष्ट भएकाले प्रहरी र स्थानीय सरकारी अधिकारी सबैभन्दा खराब भ्रष्टाचारी देखिएका छन् । ‘भ्रष्टाचारविरुद्ध लड्नका लागि अहिलेसम्म विभिन्न प्रयास भएका छन्, तर हामीले हाम्रो रणनीतिलाई अगाडि बढाउन आवश्यक छ । यो सत्य हो कि भ्रष्टाचारविरुद्ध लड्न र सार्वजनिक कोषको व्यवस्थापन जाँच गर्ने सन्दर्भमा जनताले आफ्नो जिम्मेवारीप्रति सचेत भइरहेका छन् तर अधिकारीले पनि त्यसका निम्ति काम गर्न आवश्यक छ,’ आयोगका अध्यक्ष डाएउडोन मासी गाम्सले बताएका छन् । *रासस/सिन्ह्वा*

# मध्यसोमाली क्षेत्रमा १२ विद्रोही मारिए

**मोगादिसु–** सोमाली राष्ट्रिय सेनाले शुक्रबार मध्यसोमालियाको हिरान क्षेत्रमा गरेको प्रतिआक्रमणमा अल-शबाबका १२ जना लडाकूलाई मारेको एक अधिकारीले बताएका छन् । रक्षा मन्त्रालयका प्रवक्ता अब्दुल्लाही अली अनोदका अनुसार सेनाले बुरदार क्षेत्रमा रहेको सैन्य शिविरमा आतंककारीले आक्रमण गर्नेबारे पूर्वसूचना प्राप्त गरेको र त्यसलाई विफल बनाउन प्रतिआक्रमण गरेको थियो । बुर्दार क्षेत्रमा आक्रमणको क्रममा घाइते भएका तीन जना सैनिकलाई अस्पतालमा भर्ना गरिएको अलीले सोमाली नेशनल न्युज एजेन्सीलाई बताएका छन् । हाल त्यस क्षेत्रमा आक्रमणकारीको खोजी गर्नका लागि सेनाले ठूलो अभियान चलाइरहेको छ । *रासस/सिन्ह्वा*


## श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय

**भूमे गाउँपालिका-९, चुन्बाङ , रुकुम (पूर्व)**

**स्थाः २०१९**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

**प्रकाशित मितिः २०७९/०७/२७**

प्रस्तुत विषयमा यस विद्यालयबाट मिति २०७९/०६/१२ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिका र PPMO e–GP System को www.bolpatra.gov.np.egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धि सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | *EGP/NRMV/ NCB/2W-01/2079-80* | चुन्बाङ नमुना विद्यालय भवन निर्माण (दोस्रो चरण) | श्री हरिभक्त निर्माण सेवा उद्योग, गंगादेव गाउँपालिका -२, रोल्पा | रु.९४,४७,३८३।४१ (अक्षेरुपी चौरानब्बे लाख सरचालिस हजार तीन सय त्रियासी रुपैया एकचालिस पैसा मात्र) |

**प्रधानाध्यापक**



## मन्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

महादेवस्थान, काभ्रे

बागमती प्रदेश, नेपाल ।

फोन नं.०११४१२११४

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना !**

**(प्रकाशित मितिः २०७९/०७/२७)**

यस कार्यालयबाट प्रकाशित निम्न बोलपत्र (ठेक्का) सम्बन्धि सूचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुँदा देहायका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव स्वीकृत भई निम्न मिति र समयमा यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| Project Title: Higuwapati Fedi Baikalpik Sadak Nirman<br>Contract No:02/Works/NCB/MDM/079/80 | |
|---|---|
| **क्र.स.** | **प्राविधिक प्रस्ताव स्वीकृत भएका बोलपत्रदाताको नाम/ठेगाना** |
| 1 | Bardevi/Durpana J/V Ranibari, Kathmandu |
| 2 | Dibyashwori Nirman Sewa Banepa |
| 3 | Shandevi/Salin J/V Chautara S |

| Project Title: Kolachaur Rampur Chandeni Sadak Nirman<br>Contract No:03/Works/NCB/MDM/079/80 | |
|---|---|
| **क्र.स.** | **प्राविधिक प्रस्ताव स्वीकृत भएका बोलपत्रदाताको नाम/ठेगाना** |
| 1 | Harittara Construction Pvt Ltd Baneshwor-10, Kathmandu |
| 2 | U & S CONSTRUCTION Majhi Feda Kavre |
| 3 | RINA K & J-JOINT VENTURE Selang |
| 4 | Tej/Mahabir-J.V. Roshi-1 |
| 5 | Dibyashwori/Chhyashori JV Banepa |
| 6 | GREENTARA-THAMSERKU JV Ichangu-2, Kathmandu |

**आर्थिक प्रस्ताव खोल्ने मिति,समय र स्थान**

मिति : २०७९।०८।०७ गते बुधबार

समय : दिनको १:०० बजे

स्थान : मण्डनदेउपुर नगर कार्यपालिकाको कार्यालय, महादेवस्थान काभ्रे ।



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार-सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी-बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९६,७०० | प्रति तोला - ९६,२०० | प्रति तोला - १२९५ |



**अन्नपूर्ण हिमाल** मनाङको सदरमुकाम चामेबाट देखिने अन्नपूर्ण दोस्रो हिमाल। यहाँबाट अन्नपूर्ण दोस्रो, तेस्रो र चौथो हिमाल देखिन्छ।

*तस्बिरः नवीन लामिछाने/रासस*

# भैरहवाबाट अन्तर्राष्ट्रिय उडान भर्दै नेपाल एयरलाइन्स

■ प्रभाव संवाददाता

**भैरहवा –** राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले रूपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्ने भएको छ।

डिसेम्बरको अन्तिमसम्म भैरहवाबाट अन्तर्राष्ट्रिय उडानको तयारी भइरहेको नेपाल एयरलाइन्सका प्रवक्ता अर्चना खड्काले जानकारी दिए। उनका अनुसार उक्त प्रयोजनका लागि निगमका वाणिज्य निर्देशक जनकराज कालाखेतीको संयोजकत्वमा गठित समितिले उडान सञ्चालनबारे अध्ययन गरिरहेको छ।

अध्ययन प्रतिवेदन बुझाएपछि निगमको बोर्ड बैठकबाट निर्णय गरी डिसेम्बरभित्रै व्यावसायिक उडान सञ्चालनको योजनाअनुरूप सरोकारवालासँग परामर्श भइरहेको प्रवक्ता खड्काले बताए। उनले भने, 'डिसेम्बरको अन्तसम्ममा उडान गर्ने भनेर तयारी हुँदैछ। कुन-कुन गन्तव्यमा उडाउने भन्नेबारे समितिको प्रतिवेदनपश्चात् बोर्डले निर्णय लिनेछ।'

हाल गौतमबुद्ध विमानस्थलबाट कुवेतको जजिरा एयरलाइन्सले सातामा तीनवटा उडान गरिरहेको छ। नेपाल एयरलाइन्सले भारतका तीनसहित आठ देशका १० गन्तव्यमा अन्तर्राष्ट्रिय उडान गर्दै आएको छ। एयरलाइन्ससँग अन्तर्राष्ट्रिय उडानका लागि दुई थान वाइडबडी ए-३३० र दुई थान न्यारोबडी ए-३२० जहाज छन्।

गौतमबुद्ध विमानस्थल व्यावसायिकरूपमा सञ्चालनमा आएको साढे पाँच महिनापछि कात्तिक १७ देखि हिमालय एयरलाइन्सले मलेसियाको क्वालालम्पुरका लागि नियमित चार्टर्ड उडान सञ्चालन गर्दै आएको छ। एयरलाइन्सले दैनिक एक चार्टर्ड उडान



गरिरहेको छ।

नागरिक उड्डयन प्राधिकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिकरूपमा तीनभन्दा बढी उडान गर्ने विमान कम्पनीलाई भैरहवाबाट पनि गर्नुपर्ने व्यवस्था गरेको थियो। जसका कारण हिमालय एयरलाइन्सले चार्टर्ड उडान सुरु गरेको थियो। नेपाल एयरलाइन्सले पनि थप उडानका लागि भैरहवा विमानस्थलबाट उडान गर्न लागेको हो। नेपाल एयरलाइन्सले भैरहवाबाट छिट्टै अन्तर्राष्ट्रिय उडान गर्ने गरी छलफलमा रहेको प्राधिकरणको भनाइ छ।

राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा स्वदेशी कम्पनीले कम्तीमा पनि एउटा अन्तर्राष्ट्रिय उडान गर्दै अन्तर्राष्ट्रिय एयरलाइन्सलाई आकर्षित गर्न नियामक निकायले बाध्यकारी व्यवस्था गरेको थियो। प्राधिकरणले नेपालका दुई नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्ससहित पाँच अन्तर्राष्ट्रिय एयरलाइन्सलाई गौतमबुद्ध विमानस्थलबाट उडान गर्न लिखितरूपमा आग्रह गरिसकेको छ।

प्राधिकरणले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गरी विदेश जाने यात्रुलाई आन्तरिक उडानमा २५ प्रतिशत छुट दिने निर्णयसमेत भएको छ। यस्तै थाइल्याण्डलगायतका देशका वायुसेवा कम्पनीबाट समेत उडान भर्ने तयारी भइरहेको प्राधिकरणको भनाइ छ। २०७१ माघ १ गते तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले शिलान्यास गरी निर्माण सुरु भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल २०७९ जेठ २ गतेदेखि सञ्चालनमा आएको हो।

विमानस्थलले अहिले अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवालाई नेपाल नागरिक उड्डयन प्राधिकरणले असुल गर्ने अवतरण शुल्क, विश्राम शुल्क, सञ्चार तथा उड्डयन शुल्क, सुरक्षा शुल्कमा एक वर्षका लागि शतप्रतिशत छुट दिएको छ। यस्तै नेपाल वायुसेवा निगमले असुल गर्ने ग्राउण्ड ह्याण्डलिङ सेवामा एक वर्षका लागि ५० प्रतिशत छुट प्रदान गरिएको विमानस्थले जनाएको छ।

# १५ अर्ब बराबरको आइपिओ आउँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** सेयरबजार उतारचढावपूर्ण अवस्थामा छ। बैंक तथा वित्तीय संस्थामा तरलताको अभाव पनि उस्तै छ। निर्वाचनको माहोल चरम विन्दुमा पुगेको छ भने धितोपत्र बजार क्रमशः विस्तार हुने क्रममा छ।

सरकारको सहजीकरण एवं नयाँ कानुनी प्रावधानका कारण साधारण सेयर (आइपिओ) बिक्री गर्न चाहने कम्पनीको सङ्ख्यामा वृद्धि भएको छ। नेपाल धितोपत्र बोर्डमा आवेदन दिएको संख्या मात्रै हेर्ने हो भने साधारण सेयर बिक्री गर्न चाहने ३६ वटा कम्पनी छन्। ती कम्पनीले बिक्री गर्ने सेयरको परिमाण मात्रै रु १५ अर्ब नौ करोड सात लाख १८ हजार बराबरको छ।

साधारण सेयर बिक्री गर्न लागेका कम्पनीमध्ये २६ वटा कम्पनी जलविद्युत् क्षेत्रका छन्। नेपाल स्टक एक्सचेञ्जमा जलविद्युत् क्षेत्रका कम्पनीको संख्या झण्डै चार दर्जन बराबर पुगेको छ। पछिल्ला दिनमा लगातार जलविद्युत् क्षेत्रमा लगानी विस्तार भएको सन्दर्भमा साधारण सेयर बिक्री गर्न चाहने कम्पनीको सङ्ख्यामा वृद्धि हुनु पनि स्वभाविक नै छ।

मोदी इनर्जी, मेछ्याङ हाइड्रोपावर, अप्पर लोहारे हाइड्रोपावर, माईखोला हाइड्रोपावर, चिर्खुवा हाइड्रो, भूगोल इनर्जी, अप्पर स्यांगे, रेवा इनर्जी, सगरमाथा इनर्जीलगायतका जलविद्युत् कम्पनीले साधारण सेयर बिक्री गर्ने तयारी गरेका हुन्।

यस्तै रिलायबल लाइफ इन्स्योरेन्स, मुक्तिनाथ कृषि कम्पनी, सर्वोत्तम सिमेन्ट, सोनापुर मिरल्स, नेपाल रिपब्लिक मिडिया, डिस मिडिया नेटवर्क, हाथवे इन्भेष्टमेन्ट, ट्रेड टावर, सिटी होटल, घोराही सिमेन्टले पनि साधारण सेयर बिक्रीको तयारी गरेका छन्।

बोर्डका अनुसार बिपिडब्ल्यु लघुवित्त वित्तीय संस्था, आत्मनिर्भर लघुवित्त वित्तीय संस्था पनि साधारण सेयर बिक्रीको प्रतिक्षामा छन्। चालु आवको हालसम्म मात्रै बोर्डले विभिन्न पाँच कम्पनीको एक अर्ब चार करोड ६५ लाख ७५ हजार बराबरको सेयर बिक्रीको अनुमति पाइसकेको छ। तीमध्ये केही कम्पनीले साधारण सेयर बिक्री गरिसकेका छन्।

पछिल्लोपटक मात्रै पिपल्स हाइड्रोपावर कम्पनीको साधारण सेयर बिक्री सुरु गरेको छ। कम्पनीले सर्वसाधारण, स्थानीयवासीका लागि रु तीन अर्ब २० करोड बराबरको साधारण सेयर बिक्री गर्ने गरी बोर्डबाट अनुमति पाएको हो।

# बेलायतमा नेपाल प्रवर्द्धन



**बेलायत (प्रस)–** संयुक्त अधिराज्य बेलायतमा विश्वकै ठूलो पर्यटन मेला मानिने 'वर्ल्ड टुरिज्म मार्ट'मार्फत् नेपालको प्रवर्द्धन गरिएको छ। नेपाल पर्यटन बोर्डको नेतृत्वमा नेपालका विभिन्न २४ वटा पर्यटन कम्पनीको सहभागिता रहेको मेलामा नेपालको पर्यटन गन्तव्यबारे विश्वभर प्रचारप्रसार गरिएको हो।

कोभिड-१९ महामारीपछि आयोजना गरिएको उक्त मार्टमा नेपालको सहभागिताले मुलुकको पर्यटन प्रवर्द्धनका साथै पर्यटन पुनरुत्थानमा सहयोग पुग्ने बोर्डको भनाइ छ। मेलामा नेपालको स्टलको गत कात्तिक २१ मा उद्घाटन गर्दै बेलायतका लागि नेपाली राजदूत ज्ञानचन्द्र आचार्यले सहभागी कम्पनीमार्फत् नेपाल प्रवर्द्धन सहयोग पुग्ने विश्वास व्यक्त गरे।

राजदूत आचार्यले नेपाल स्टलमा रहेको प्रत्येक सहभागी कम्पनीको निरीक्षण भ्रमण गर्नुका साथै सहभागी सबै कम्पनीलाई नेपालको प्रवर्द्धनमा सहयोग गर्न आग्रह गरेका थिए।

त्यस्तै नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत डा धनञ्जय रेग्मीले कोभिडपछिको नेपालको पर्यटन प्रवर्द्धनमा मेलाले सकारात्मक भूमिका खेल्ने विश्वास व्यक्त गरे। मेलामा नेपाली व्यवसायीहरूले निजी क्षेत्रका पुराना व्यावसायिक सम्पर्कहरू नवीकरण गर्ने र नयाँ व्यापार साझेदारी स्थापना गर्ने अवसर पाएको उल्लेख गर्दै उहाँले यसबाट नेपालको पर्यटनलाई पुनः लयमा फर्काउन सहयोग पुग्ने बताए।

मेलामा विश्वभरका सबै प्रकारका पर्यटन आपूर्तिकर्ता र राष्ट्रिय अन्तर्राष्ट्रिय पर्यटन संगठन, संस्कृति, पर्यटन तथा नागरिक उ•यन मन्त्रालय, नागरिक उ•यन प्राधिकरण, ट्राभल एजेन्ट, टूर अपरेटर, होटल व्यवसायी, ट्राभल टेक कम्पनी, यातायात अपरेटर, एयरलाइन्स, साहसिक खेलकुद कम्पनी सञ्चारमाध्यमलगायतको सहभागिता थियो।

कार्यक्रमकै अवसरमा लण्डनस्थित नेपाली राजदूतावास र पर्यटन बोर्डले संयुक्तरूपमा कात्तिक २२ गते लण्डनस्थित नेपाली दूतावासमा नेपाल साँझ विशेष कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रममा प्रख्यात बेलायती पर्वतारोही तथा साहसिक कार्यकर्ता सर क्रिस बोनिङटन र एलन हिंगसले नेपालमा आफ्नो आरोहण तथा अनुभव स्मरण गर्दै सम्पूर्ण बेलायती जनतालाई जीवनभरको अनुभवका लागि नेपाल भ्रमण गर्न आह्वान गरेका थिए। कार्यक्रममा एक सयभन्दा बढी बेलायती ट्राभल टूर अपरेटर, बेलायती पर्वतारोही, सञ्चारमाध्यम अन्य विशिष्ट व्यक्तिहरूको सहभागिता रहेको बोर्डद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

# तनहुँ जलविद्युत्को २५ वटा टावर निर्माण

■ प्रभाव संवाददाता

**तनहुँ–** तनहुँ जलविद्युत् आयोजनाको प्याकेज तीनअन्तर्गत विद्युत् प्रसारण लाइन निर्माणका लागि टावर निर्माण कार्य धमाधम भइरहेको छ। जिल्लाको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको आयोजनाले हालसम्म २५ वटा टावर सम्पन्न गरेको हो। दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणका लागि टावर निर्माण निरन्तर चलिरहेको आयोजनाले जनाएको छ।

त्यसैगरी हालसम्म ४८ वटा टावरको फाउण्डेशनको कार्य सम्पन्न गरिसकेको आयोजनाका निमित्त प्रमुख राजभाई शिल्पाकारले जानकारी दिए। टावर निर्माण गर्ने स्थानमा वनका केही रुख काट्नुपर्ने भएकाले बीचमा केही समय निर्माण कार्य रोकिन पुगेको थियो। उनले भने, 'आयोजनाले वनमन्त्रालयमा परिपत्र पठाइसकेकाले अब पुनः काम सञ्चालन हुनेछ।'

आयोजनाको निर्माण विसं २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ। उक्त प्याकेजको कामको जिम्मा भारतीय कम्पनी केइसीले पाएको छ। प्रसारण लाइन निर्माणका लागि टावर राख्ने जग्गामध्ये तनहुँतर्फका भूभाग प्राप्ति गर्नका लागि मुआब्जा वितरण भइरहेको छ। चितवनतर्फको जग्गा अधिग्रहण गर्ने प्रक्रियामा रहेको उनले



बताए। एक हजार चार सय ५० मिटर लामो पानी ल्याउने सुरुङ खन्नुपर्ने भएकाले हालसम्म तीन सय ५० मिटर सुरुङ खन्ने कार्य सम्पन्न भइसकेको छ।

हाल आयोजनाको प्याकेज एकअन्तर्गत डाइभर्सन टनेल (पानी फर्काउने सुरुङ) को काम भइरहेको छ। उक्त प्याकेजको ठेक्का सोङ दा-कालिका जेभीले पाएको उहाँले बताए। प्याकेज दुईअन्तर्गतको विद्युत्गृह खन्ने काम सम्पन्न भएको छ। आयोजनाको प्याकेज दुईअन्तर्गत सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत कामको जिम्मेवारी सिनो हाइड्रोपावर लिमिटेडले पाएको छ।

सिनो हाइड्रोपावर लिमिटेडले ८९ मिटर लम्बाइ, २२ मिटर चौडाइ र ५१ मिटर उचाइ भएको भूमिगत विद्युत्गृहको सुरुङ खन्ने काम सकेको आयोजनाले जनाएको छ। विद्युत्गृहको सुरुङ खन्ने काम सन् २०२० अगष्टदेखि सुरु भएको हो। सिनो हाइड्रो कम्पनीले ४३७.१ मिटर लामो सुरुङ खन्ने काम सम्पन्न गरिसकेको छ। २८०.८५ मिटर लामो मुख्य पहुँच सुरुङ र बाँधस्थल जाने ३१४ मिटर लामो पहुँच सुरुङ निर्माण कार्य पनि सम्पन्न गरेको छ। कम्पनीको पूँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड २५ लाख अमेरिकी डलरमा एसियाली विकास बैंक (एडीबी) ले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन भएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ